# घोराही उप-महानगरपालिका

## नगर सभाको १५औं अधिवेशन

# आर्थिक वर्ष २०८१/८२ का लागि

# नीति तथा कार्यक्रम

नगर सभामा पेश भएको मितिः २०८१/०३/०२

नगर सभाबाट पारित भएको मितिः २०८१/०३/०४

घोराही उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

**घोराही उपमहानगरपालिकाको नगरसभाको १५औं अधिवेशनमा नगरसभा समक्ष नगर प्रमुख श्री नरुलाल चौधरी ज्यूबाट प्रस्तुत आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम।**

**नगरसभा सदस्य ज्यूहरु,**

१. नागरिकहरुको घरदैलोमै रहेको स्थानीय सरकारको हैसियतले आर्थिक बर्ष २०८१/८२ को नीति तथा कार्यक्रम यस गरिमामय नगरसभामा प्रस्तुत गर्न पाउदा गौरवको अनुभूति गरेको छु। संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाले निर्माण गरेको संघ, प्रदेश र स्थानीय सरकार अन्तर्गत जनताहरुसँग प्रत्यक्ष जोडिएर आर्थिक, सामाजिक, भौतिक, साँस्कृतिक, कानुनी लगायत जनजीविकाका सवालहरुलाई संरक्षण, प्रवर्द्धन र रुपान्तरण गर्ने जिम्मेवारीका साथ हामी स्थानीय सरकार सञ्चालनमा छौं। विभिन्न क्षेत्रका विषय विज्ञ, सरोकारवालाहरुसँगको परामर्श, छलफल तथा प्राप्त सुझावहरुलाई एकीकृत गरी आर्थिक बर्ष २०८१/८२ को नीति तथा कार्यक्रम तयार पारेका छौं। प्रस्तुत नीति तथा कार्यक्रम तयार गर्न आफ्नो अमूल्य सुझाव दिनु हुने सम्पूर्ण नगरवासी एवं सरोकारवाला सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दछु।

२. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना र समाजको आमूल परिवर्तनका लागि विभिन्न कालखण्डका राजनीतिक आन्दोलन, संघर्ष तथा क्रान्तिहरुमा आफ्नो अमूल्य जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु। परिवर्तनका लागि ती आन्दोलनहरुमा अग्रपंक्तिमा रहेर नेतृत्व गर्नुहुने सबै अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु। यसका साथै मुलुकको राजनीतिलाई संघीय शासन प्रणाली सहितको लोकतान्त्रिक गणतन्त्रको अभ्यासमा ल्याउन महत्वपूर्ण योगदान गर्नुहुने अग्रज एवं घाईते योद्धाहरु तथा वेपत्ता नागरिकहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु।

३. नगरस्थापना कालदेखि नगरको चौतर्फी विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने अग्रज व्यक्तित्वहरु प्रति उच्च सम्मान व्यक्त गर्दै उहाँहरुले पुर्याउनु भएको योगदानको स्मरण गर्दछु।

४. संविधान बमोजिम शासन प्रणालीको विद्यमान शासकीय संरचना र त्यसमा निर्दिष्ट ऐन कानून निर्माणमा स्थानीय सरकारले पाएको अधिकारलाई घोराही उपमहानगरपालिकाले पूर्ण रुपमा अबलम्बन गरेको छ। ऐन, कानून, कार्यविधिहरु निर्माण गरी विभिन्न नीतिगत, कानुनी, संरचनागत र व्यवस्थापकीय पक्षमा सुधार ल्याई नगरको कार्य सम्पादनलाई सेवा प्रवाह, सम्मृद्धि र विकास निर्माणका क्रियाकलापसँग जोडेर अघि बढाएको छ।

**नगरसभा सदस्य ज्यूहरु,**

५. अब म यस सम्मानित सभा समक्ष चालु आर्थिक वर्षसम्म हासिल भएका मुख्य मुख्य क्षेत्रगत उपलब्धीहरुको समिक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

६. संविधानद्वारा प्रदत्त अधिकार वमोजिम आफ्नो कार्य व्यवस्थित गर्न स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी घोराही उपमहानगरपालिकाबाट हालसम्म ११६ वटा कानूनहरु निर्माण भएका छन्। जस मध्ये चालु आर्थिक वर्षमा विभिन्न क्षेत्रगत ऐन २ वटा, कार्यविधि ९ वटा, १ मार्ग दर्शन गरी जम्मा १२ वटा कानूनहरु निर्माण भएका छन। जनअपेक्षा अनुरुपको विकास निर्माण एवं नागरिकमैत्री सेवा प्रवाहका माध्यमबाट सुशासनको प्रत्याभुत गराउन कानून निर्माणको यस उपलब्धीले विशेष टेवा पुगेको अनुभूति गरेको छु।

७. पहिलो पटक स्थानीय तहको निर्वाचन पश्चात हाल सम्म करीब १६२ किलोमिटर सडक कालोपत्रे, २१६ किलोमिटर सडक ग्राभेल तथा स्तरोन्नती, १६७ किलोमिटर नयाँ सडक निर्माण, ५९ किलोमिटर सडक नियमित मर्मत भएका छन, भने १६३ वटा स्थानीय पुल तथा कलभर्ट निर्माण, २ वटा झोलुङ्गे पुल निर्माणले सबै वडाहरु सडक संजालमा जोडीन गई केन्द्र सम्मको आवागमन सहज हुनुका साथै जनताको सामाजिक, आर्थिक स्थितिमा समेत सुधार भएको छ।

८. यसै बिचमा ७४ कि.मी. ढल तथा नाला निर्माण, १९ वटा पार्क निर्माण, १ वटा स्यानेटरी ल्यान्ड फिल साइटको निर्माण, २८ किलोमिटर नदी नियन्त्रणको काम सम्पन्न भएको छ।

९. नगरवासीहरुलाई स्वच्छ खानेपानी उपलब्ध गराउने उद्देश्य अनुरुप यस अवधीमा ९५ वटा कुवा निर्माण, ६३ वटा डिप बोरिङ निर्माण भएका छन। घोराही उपमहानगरपालिका, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाहरु समेतको संयुक्त प्रयासबाट करिव ८५ प्रतिशत घरधुरीमा स्वच्छ खानेपानी सुविधाको पहुँच पुगेको कुरा यहाँहरु बिच राख्न चाहन्छु।

१०. बहुपक्षीय विकासमा टेवा पुर्याउने उद्देश्यका साथ ४३ वटा कृत्रिम जलाशय निर्माण, ७३८ हेक्टर जमिनमा साना सिंचाई कार्यक्रम मार्फत सिंचित भएको, ७ वटा बैकल्पीक उर्जा उत्पादनको लागि सोलार जडान र ७८ कि.मी. विद्युत प्रसारण लाइन विस्तार गरिएको छ। ६ वटा सौर्य उर्जा जडित प्लान्ट निर्माणले सिंचाईमा सुविधा भएको र कृषि उत्पादनमा वृद्धि लगायत पर्यावरण सन्तुलन, पर्या पर्यटनको विकास भई नगरवासीहरुको आर्थिक तथा समाजिक जीवन स्तरोन्नती भएको छ।

११. यस अवधिमा १४ वटा खेलकुद मैदान निर्माण, १ वटा हाटबजार व्यवस्थापन, १ वटा मुक्त कमलरी भवन निर्माण, स्तनपान कक्ष निर्माण, २१ वटा नयाँ विद्यालय भवन निर्माण, २५ वटा विद्यालयमा नयाँ कक्षाकोठा थप निर्माण तथा मर्मत, २३ वटा स्वास्थ्य संस्था भवन निर्माण तथा तला थप, ३ वटा

योग हल निर्माण तथा मर्मत, २ वटा कभर्ड हल मर्मत, १ वटा ध्यान केन्द्र निर्माण, १४ वटा यात्रु प्रतिक्षालय निर्माण र ४१ वटा सामुदायिक भवन निर्माण भएका छन।

१२. त्यसैगरी ६ वटा सार्वजनिक शौचालय, २३ वटा मठ मन्दिर, गुम्बा, चर्च, मदरसाहरुमा भौतिक निर्माण तथा मर्मत,१९ वटा वडा कार्यालय भवन निर्माण र १३ वटा वडा कार्यालय भवन तथा कोठा मर्मत गरिएको छ। यस अवधिमा जलाशय संरक्षण, सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, विद्यालय, स्वास्थ्य संस्था, मन्दिर लगायत सार्वजनिक सम्पत्ती संरक्षणका लागि ४१ किलोमिटर तारवार निर्माण, थप ४० वटा भुयाँरथान निर्माण भएको छ भने वालिम खोलाको पक्की पुल निर्माण सम्पन्न भएको छ।

१३. करार शिक्षक नियुक्तीको लागि Question Bank निर्माण भएको छ। विद्यालयहरुमा शिक्षकहरुको अभावलाई पुरा गर्न विभिन्न विषयका ४५ जना स्वयंसेवक शिक्षकहरु नियुक्ती गरी विद्यालयहरुमा खटाइएको छ। स्थानीय पाठ्यपुस्तक (कक्षा४-६) को लेखन कार्य सम्पन्न भई प्रकाशनको लागि कार्य अगाडी वढाइएको छ। मगर भाषाको कक्षा १को पाठ्यक्रम तयार भई भगवती मा.वि. होडवाङ घोराही १९ मा लागू गरिएको छ।

१४. विद्यालयहरुमा खानेपानी मर्मत, शौचालय व्यवस्थापन जस्ता पूर्वाधारसँग सम्बन्धित अति आवश्यक काम सम्पन्न भएका छन।

१५. नगरस्तरीय मेयर कप फुटवल, उपमेयर कप भलिबल खेल लगायत विभिन्न विधाको खेलकुद कार्यक्रमहरु सम्पन्न भएका छन।

१६. चालु आर्थिक वर्षमा घोराही उपमहानगरपालिका वडा नं ५ धर्ना स्वास्थ्य चौकी, वडा नं.१६ करौंती डाँडा शहरी स्वास्थ्य केन्द्र र वडा नं १२ हापुर स्वास्थ्य चौकी नयाँ भवन निर्माण सम्पन्न भएका छन।

१७. विपन्न नागरिक उपचार सेवा अन्तर्गत आठ प्रकारका रोगहरु मुटुको अप्रेसन, क्यान्सर, मृगौला डायलासिस, पार्किन्सन, अल्जाईमर, हेडईन्जुरी, स्पाईनल ईन्जुरी र सिकलसेल एनिमियाका १२८ बिरामीहरुलाई उपचार सहुलियतको सिफारिस गरिएको छ।

१८. प्रदेश स्वास्थ्य उपचार विशेष आर्थिक सुविधा अन्तर्गत नसर्ने रोगहरु मध्ये क्यान्सर, मृगौला प्रत्यारोपण तथा मुटुको भल्भ फेर्नु पर्ने अवस्थामा रहेका ५५ जना बिरामीहरुलाई आर्थिक सुविधाका लागि सिफारिस गरिएको छ।

१९. नेपालमा हाल नसर्ने रोगहरुका बिरामीहरु बृद्धि हुदै गएको र सो रोगको उपचारमा लाग्ने खर्च महंगो भएकोले पैसाकै अभावमा उपचारबाट बन्चित हुन नपरोस भनि घोराही उपमहानगरपालिका भित्र स्थायी बसोबास भएका साथै गरिब परिचयपत्र प्राप्त गरेका विरामीहरु मध्ये मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार बापत जम्मा

१० जनालाई मासिक रुपमा औषधी उपचार तथा जिविकोपार्जन वापत रु. ५०००।- प्रदान गरिएको छ।

२०. आर्थिक रुपले विपन्न वर्ग तथा आठ प्रकारको बर्गिकरणमा नपरेका, उपचार गर्दा आर्थिक रुपले कमजोर भएका घोराही उपमहानगरपालिका अन्तर्गतका जम्मा १०० जना सेवाग्राहीलाई पाँच हजारको दरले उपचार रकम प्रदान गरिएको छ।

२१. विभिन्न वडाहरुमा निःशुल्क आयुर्वेद स्वास्थ्य जाँच शिविर, सुत्केरी महिला र स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ अभिमुखिकरण तथा दुग्धवर्धक आयुर्वेदिक औषधी सम्बन्धी परामर्श र ६ महिना सम्मका बच्चा भएका १०० जना सुत्केरी आमाहरुलाई दुग्धवर्धक आयुर्वेदिक औषधी वितरण गरिएको छ।

२२. विद्यालयहरुमा आयुर्वेद तथा योग शिक्षा कार्यक्रम, जेष्ठ नागरिक आयुर्वेद प्रवर्द्धन कार्यक्रम, आयुर्वेद जडिबुटी तथा स्वस्थ जीवन शैली सम्बन्धी अभिमुखिकरण कार्यक्रम, जनप्रतिनिधि र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई आयुर्वेद जडिबुटी तथा स्वस्थ जीवन शैली सम्बन्धी कार्यक्रम सम्पन्न भएका छन।

२३. प्रजनन स्वास्थ्य रुग्णता कार्यक्रम अन्तर्गत घोराही उपमहानगरपालिकाका विभिन्न वडाहरुमा गई पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर र आङ खस्ने समस्या रोकथाम तथा पत्ता लगाउनका लागि पाठेघरको जाँच गर्ने कार्यक्रम संचालन गरी जम्मा ४९०३ जना महिलाहरुलाई सेवा प्रदान गरिएको छ।साप्ताहिक रुपमा नियमित संस्थागत परिवार नियोजन क्लिनिकबाट सेवा प्रदान गरिएको छ जसले गर्दा सेवा लिने क्रम पनि बढेको छ।

२४. ज्येष्ठ नागरिकहरुलाई सम्मान कार्यक्रम अन्तर्गत ज्येष्ठ नागरिक घरदैलो स्वास्थ्य उपचार कार्यक्रमलाई निरन्तरता दिंदै ७० बर्ष माथिका नागरिकको स्वास्थ्य परिक्षणको परामर्शका लागि स्वास्थ्यकर्मीहरु नियमित मासिक रुपमा घरमै गई घरभेट स्वास्थ्य उपचार तथा परामर्श कार्यक्रमबाट ११६० जना ज्येष्ठ नागरिकहरुलाई स्वास्थ्य उपचार तथा परामर्श सेवा प्रदान गरिएको छ।

२५. **"उज्यालो संसार"** कार्यक्रम अन्तर्गत राप्ती आँखा अस्पताल रक्षाचौर तुल्सीपुरको सहकार्यमा मोतियाबिन्दुको अप्रेसन निःशुल्क गर्ने व्यवस्था मिलाइएको छ।जस अन्तर्गत आर्थिक वर्ष २०८०/८१ मा ४६३ जना नगरवासीले निःशुल्क मोतियाबिन्दुको अप्रेसन सेवा प्राप्त गर्नु भएको छ।

२६. घोराही उपमहागरपालिकाका बिरामीहरुलाई अकाल मृत्युबाट जोगाउन, कहिल्यै रगतको कमि हुन नदिन साथै मृगौला डायलासिस गर्ने बिरामीहरु, क्यान्सरका बिरामीहरु, सिकलसेल एनिमिया, थालसेमिया, प्रसुतिजन्य अवस्था तथा आकस्मिक सेवामा उपचार गराई रहेका बिरामीहरुलाई चाहिने रगतको

व्यवस्थापन नगर प्रमुख रक्तसंचार कार्यक्रमवाट गरिएको छ। जस अन्तर्गत आ.व. २०८०/८१ मा जम्मा ६०० प्वाइन्ट रगत प्रदान गरिएको छ। जसमध्ये महिला १९४ जना र पुरुष ८० जना गरी जम्मा २७४ जनाले निःशुल्क रगत प्राप्त गर्नु भएको छ।

२७. आमा शुरक्षा कार्यक्रम अन्तर्गत सबै सेवाहरु समयमै पाउने सुनिश्चितता गर्न प्रोटोकल अनुसार गर्भ जाँच, प्रसुति सेवा, सुत्केरी सेवालाई गुणस्तरीयता सहित अझ बढी प्रभाबकारी बनाउने उद्धेश्यले आमा र शिशुको जीवन रक्षाको लागि उप प्रमुख खुत्रुके बचत कार्यक्रम लागु गरिएको छ। सबै प्रोटोकल पुरा गरेको आधार र ३५ दिन भित्र शिशुको जन्म दर्ता गराएको आमालाई प्रमाणित कागजातको आधारमा रु १००० खुत्रुके बचतको रुपमा २९७ जनाले सेवा पाउनु भएको छ।

२८. स्वास्थ्य संस्था भन्दा टाढा रहेका बस्तीमा आधारभुत स्वास्थ्य सेवा पुर्याउन गाउँघर क्लिनिक तथा बाह्य खोप केन्द्रहरु निर्माण गरी टाढाको बस्तीमा समेत खोप, परिवार नियोजन, गर्भजाँच, बच्चाको पोषणको लेखाजोखा जस्ता सेवाहरु प्रदान गरिएको छ। हाल ४६ वटा खोप केन्द्र र २० वटा गाउँघर क्लिनिक नियमित संचालनमा रहेका छन। जसबाट चालु आ.व.मा २०२४० जना बालबालिका तथा आमाहरुले सेवा लिनु भएको छ। खोपहरुको कभरेज ९० प्रतिशत भन्दा बढि छ। संस्थागत सुत्केरी जम्मा २५३७ जना भएका छन।

२९. नेपालको पहिलो बालमैत्री उपमहानगरपालिका घोराहीमा स्थानीय स्तरमा संचालित शान्ति बालगृहलाई संचालन अनुदान, मुस्लिम तथा दलित महिलाहरुलाई सिपमूलक तालिम, विउपुँजी, वेवारीसे मानव व्यवस्थापनका लागि मानव सेवा आश्रय तथा सेवा घर अनुदान, १९वटै वडामा युवा क्लव परिचालन बैठक, लैङ्गिक उत्तरदायी बजेट परीक्षण (GRB Audit) लैङ्गिक परिक्षण, सबै जेष्ठ नागरिक दिवा सेवा केन्द्र संचालन व्यवस्थापन निरन्तरता तथा कार्यक्रम संचालन, वालश्रम, बालविवाह, बहु विवाह, दाइजो/दहेजजस्ता प्रथा नियन्त्रणका लागि सामाजिक परिचालन तथा न्युनीकरण तालिम/कार्यक्रम सम्पन्न भएका छन।

३०. एकल, विधुवा तथा श्रीमान वेपत्ता भएका महिलाहरुको लागि सिप विकास तथा आय आर्जन कार्यक्रम, नगरस्तरीय बाल संजालको वैठक, सडक तथा जोखिममा परेका बालबालिकाको लागि आकस्मिक बाल संरक्षण केन्द्र स्थापना तथा संचालन अनुदान, बालमैत्री निरन्तरतामा संयुक्त अनुगमन, बालक्लबका लागि नेतृत्व विकास तथा क्षमता विकास तालिम, बेवारीसे मानव व्यवस्थापन, अपांगता भएका व्यक्तिहरुका लागि कार्यक्रम तथा पुर्नस्थापना केन्द्रमा व्यवस्थापन निरन्तरता तथा सहायक सामाग्री सहयोग प्रदान गरिएको छ।

३१. आदिवासी, जनजाती, लोपोन्मुख एवं अल्पसंख्यक जातजाति तथा पिछडिएको वर्गका लागि सिपमुलक क्षमता अभिवृद्धि कार्यक्रम, विभिन्न संघ संस्था सचारकर्मी सहित सवै वडाका टोल टोलमा लैङ्गिक तथा घरेलु हिंसा अन्त्यका लागि बहस, पैरवी तथा तालिम गोष्ठी, अभिमुखीकरण, चेतनामूलक अभियान सम्बन्धी

कार्यक्रम, अपांगता भएका व्यक्तिहरुको लगत संकलन गरी अभिलेख तयार तथा व्यवस्थापन गरिएको छ।

३२. बालक्लब, बाल सञ्जाल, किशोर किशोरी समूह सञ्जाल, युवा समूह, युवा सञ्जाल युवा क्लब गठन, पुनर्गठन तथा परिचालन, किशोरीहरुको लागि किशोरी शिक्षा सम्बन्धी तालिम, मुक्त कमलरी सहयोग कार्यक्रम, लैङ्गीक हिंसा निवारणका लागि स्वास्थ्य तथा सम्बन्धित क्षेत्रका व्यक्तिहरुको लागि सामाजिक मनोविमर्श तालिम संचालन हुँदै आएको छ।

३३. सामाजिक विभेदको न्यूनीकरण, छुवाछुत, सामाजिक कुरीति, अन्धविश्वास, लैङ्गिक विभेद र हिंसाका घटनाहरु न्यूनीकरण कार्यक्रम, विद्यालयका शिक्षक अभिभावकलाई बालमैत्री सूचक तथा निरन्तरता बारे गोष्ठी तथा अन्तरक्रिया, महिलाहरुको लागि सिप विकास तथा आयआर्जन कार्यक्रम तथा विउ पुजी, बहिरा तथा सुस्त मनस्थिति भएका बालबालिकाको लागि कार्यक्रम तथा बालक्लब खेलकुद सहयोग कार्यक्रम संचालन गरिएको छ।

३४. दलित, मुस्लिम, पिछडा वर्ग, आदिवासी जनजाती समुदायमा अत्यधिक प्रचलनमा रहेको बालविवाह न्यूनिकरण गर्न , **बिहेवारी बिस वर्ष पारी** भन्ने कार्यक्रम, लैङ्गिक हिंसा घरेलु हिंसा, वालश्रम, बालविवाह, वहु विवाह, सम्वन्धी अभिमुखिकरण, जेष्ठनागरिक परिचयपत्र तथा अपाङ्गता परिचयपत्र नियमित एवं शिविर मार्फत समेत वितरण गरिएको छ।

३५. चालु आर्थिक वर्षको अन्त सम्म आई पुग्दा सामाजिक सुरक्षा वापत भत्ता प्राप्त गर्ने लाभग्राहीको संख्या १७००० कायम रहेको छ र उहाँहरुले बैंक मार्फत चालु आर्थिक वर्षमा रु. ६० करोड १५ लाख २९ हजार ८ सय रुपैया भुक्तानी प्राप्त गर्नु भएको छ ।सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको दर्ता नविकरण बायोमेट्रीक प्रविधिवाट शुरुवात गरिएको छ।

३६. घोराही उपमहानगरपालिकामा रहेका व्यक्तिगत घटनादर्ता कार्य डिजीटाईजेशन भएकोले प्रतिलिपि दिने कार्य सहज भएको छ।हाल १९ वटै वडा कार्यालयहरुबाट अनलाईन घटना दर्ता कार्य सञ्चालन भइरहेको छ।सामाजिक सुरक्षा भत्तालाई सहज र पारदर्शी बनाउन लाभग्राहीहरुलाई EFT मार्फत भत्ता वितरण गर्ने कार्य भएको छ।

३७. तरकारीको कम्पोजिट प्याकेट विउ वितरण कार्यक्रम अन्तर्गत ६८० कृषकहरुलाई तरकारीको विउ वितरण गरिएको छ।५०० किसानहरुलाई प्याजको विउ वितरण, आकस्मिक वाली संरक्षण सेवा अन्तर्गत ११५० कृषकहरुलाई विषादी वितरण, ३ वटा सहकारीहरुलाई धान र गहुँको मुल वीउ वितरण कार्यक्रम, ३३ जना कृषकहरुलाई धानको उन्नत वीउ वितरण, १ वटा बेमौसमी तरकारी खेतीका लागि फलाम स्ट्रक्चर प्लाष्टीक टनेल वितरण कार्य सम्पन्न भएका छन।

३८. साना सिंचाई निर्माण अन्तर्गत ५० प्रतिशत अनुदानमा २४ घरधुरीलाई मोटर/ पाईप/पम्पीङ्गसेट/पोखरी निर्माण, कुलो मर्मत सम्भार आदि वितरण तथा निर्माण गरिएको छ।१८ घरधुरीलाई कोल्ड स्टोरमा

आलुको वीउ भण्डारणको लागि अनुदान, कृषि जैविक विविधता संरक्षण कार्यक्रममा १ सहकारीलाई वीउ उत्पादन सहयोग, कृषि सहकारीहरुलाई वीउ पुँजी बनाई वीउ भण्डारण गर्न सहयोग र वीउको अभाव हुन नदिन वैंकमा पुर्जि जम्मा गरी काम गर्न सहजीकरण तथा कृषि विकास सहायता कार्यक्रम अन्तर्गत ५ जना कृषकहरुलाई कर्न सेलर, च्यापकटर  तथा स्प्रेयर वितरण कार्यक्रम सम्पन्न भएका छन।

३९. त्यस्तै १३ कृषक परिवारलाई मुत्र संकलन सहितको भकारो सुधार कार्यक्रम, २४ जना मुक्त कम्लरीहरुलाई आयआर्जनमा वृद्बि गर्न मुक्त कम्लरी समुहमा कुखुरापालन स्थलगत तालिम र ६ हसे कुखुरा चल्ला निःशुल्क वितरण गरिएको छ। बिदेशबाट फर्किएका युवा/युबतीलाई स्वदेशमै रोजगार दिलाउन ८ घर परिवारमा मागमा आधारित लक्षित कार्यक्रम संचालन गरिएको छ। आधुनिक तरिकाले बाख्रापालन/बंगुरपालन गर्न १० वटा बाख्रापालन/बंगुरपालन समुहलाई खोर सुधार कार्यक्रम, ६० पशुपालक कृषकलाई सिप विकासका लागि मिनिरल ब्लक उत्पादन अभ्यास तथा माछापालन समुहलाई स्थलगत तालिम, पशुपालन व्यवसायमा जोखिम न्यूनिकरण गर्न नगर भित्रका ४० पशुपालन फार्महरुलाई डोर टु डोर कार्यक्रम अन्तर्गत सेवा प्रदान गरिएको छ।

४०. घाँसमा आधारित पशुपालन गरी उत्पादन लागत कम गर्न पशु आहाराका लागि ११ कृषक समुहलाई विभिन्न वहुवर्षे घाँस वितरण, पशुबाट मानिस र मानिसबाट पशुमा लाग्ने  माहामारी रोगबारे जानकारीका लागि जुनोटिक रोग अभिमुखिकरण कार्यक्रम संचालन गरिएको छ। जसवाट १५२ कृषकहरु लाभान्वित भएका छन। सरोकारवालाहरुलाई स्वच्छ दुध र मासु उत्पादन प्रविधिबारे जानकारी दिन ८९ जना कृषकहरुलाई स्वच्छ दुग्ध तथा मासु उत्पादन तथा उपभोग अभिमुखिकरण गरिएको छ।

४१. स्थानीय स्तरमा उत्पादित नगदेवाली बेसार खेतीको ब्रान्डिङ, प्याकेजिङ् र लेवलिङ गर्ने कार्य सुरुवात गरिएको छ। रातो कार्ड प्राप्त गरिब घरधुरी परिवारका ११२ जना नागरिकलाई आयमूलक र सीपमूलक कार्यमा जोडिएको छ। स्थानीय आयआर्जन उत्पादन र उत्पादकत्व वृद्धि सम्बन्धी २५० जना नागरिकहरुलाई सचेतनामूलक कार्यक्रम संचालन गरिएको छ ।

४२. २२९ जना नागरिकहरुलाई उद्यमशीलता विकास तथा  वित्तिय साक्षरता सम्बन्धी तालिम  दिईएको छ। स्थानीय अल्लो उद्यमीहरुका लागि स्तरोन्नति कार्यक्रम संचालन गरिएको छ।

४३. त्यस्तै ५४ वटा बचत तथा ऋण सहकारी संस्थाको अनुगमन गरी सहकारी नीति नियम अनुसार संचालन गर्न सुझाव दिइएको छ। सहकारीसँग सम्बन्धित  ७ वटा नमुना कार्यविधि तयार गरी उपलब्ध गराइएको छ। लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन, सचिवको प्रतिवेदन र कोषाध्यक्षको प्रतिवेदन नमुना

तयार गरी उपलब्ध गराइएको छ। समस्याग्रस्त केही सहकारीहरुको समस्या समाधान गरी शेयर सदस्यहरुको बचतलाई सुनिश्चत हुने वातावरण बनाइएको छ।

४४. थारु संग्रहालयको संरक्षण, पिकनिक स्पट निर्माण, होडिङ बोर्ड निर्माण, दशैंया नाचको वृत्तचित्र निर्माण, मुख्य मुख्य पर्यटकीय सम्पदाहरु चित्रण भएको क्यालेण्डर निर्माण, मुख्य मुख्य पर्यटकीय सम्पदाहरुको फ्रेम सहितको तस्विर निर्माण, श्रष्टा सम्मान तथा काव्य उत्सव कार्यक्रम, नेवार समुदायलाइ धिमेबाजा हस्तान्तरण, गन्धर्व तथा थारुहरुको नृत्य तथा वाद्यवादन सामग्री निर्माण जस्ता पर्यटन प्रवर्द्धन मुखी कार्यक्रमहरु सम्पन्न भएका छन।

४५. प्रधानमंत्री रोजगार कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्षमा १०१५ जना व्यक्तिहरु बेरोजगार सुचीमा सुचिकृत भई ७८ जना व्यक्तिहरु प्रत्यक्ष रुपमा रोजगारमा संलग्न रहेका छन।

४६. आपत्कालीन कार्य सञ्चालन केन्द्रका लागि सामग्री खरीद, तटवन्धका लागि तारजाली खरिद तथा वितरण गरिएको छ। वन डढेलो नियन्त्रण, जैविक विविधता, जलवायु परिवर्तन, भू-संरक्षण सम्बन्धी सचेतनामूलक कार्यक्रम सम्पन्न भएका छन। वातावरण संरक्षण तथा जलवायु परिवर्तन वारे सचेतना कार्यक्रम, विपद् व्यवस्थापन तथा खोज उद्धार सम्वन्धी नमूना अभ्यास कार्यक्रम, सामुदायिक वन कार्य समितिलाई क्षमता विकास अभिवृद्धी कार्यक्रम संचालन भएका छन। खरको छाना विस्थापन कार्यक्रम अन्तर्गत हाल सम्म २९०० घरधुरीमा टीनको छाना लगाइएको छ। वडा नं. ४ र वडा नं. १८ मा वातावरण मैत्री चौतारी तथा प्रतिक्षालय निर्माणाधिन अवस्थामा छन।

४७. घोराही उप-महानगरपालिकालाई पुर्ण सरसफाई युक्त नगर गराउन सरसफाई अभियान संचालन गरिएको छ। सार्वजनिक स्थलमा फालिने फोहरमैला न्यूनीकरण गर्न स्वयंसेवक परिचालन गरी अटेरी गर्ने व्यक्ति वा संघ संस्थालाई नियमानुसार जरिवाना लगाइएको छ। घोराही उपमहानगरस्तरीय तथा वडास्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समिति र विद्यालयका बालबालिकाहरुसंग फोहरमैला व्यवस्थापन सम्बन्धी अन्तरक्रिया कार्यक्रम संचालन गरिएको छ।

४८. घोराही उपमहानगरपालिका भित्रका सबै वडाहरुमा सरसफाई व्यवस्थापनलाई व्यवस्थित बनाउन तथा विषयगत उप-समितिलाई क्रियासिल बनाउन घोराही उपमहानगरस्तरीय ९ वटा विषयगत सरसफाई अनुगमन उपसमिति गठन गरी कार्यक्रम कार्यान्वयन गरिएको छ।

४९. नगर स्थापना दिवसमा सरसफाईमा उल्कृष्ट कार्य गर्ने अभियन्ता, टोल विकास संस्था,कर्मचारी साथै सरोकारवालालाई सम्मान तथा पुरस्कृत गरिएको छ।

५०. गल्ने तथा नगल्ने फोहरलाई स्रोतमै बर्गिकरण गरी फोहर व्यवस्थापन गर्ने कार्य प्रभावकारी रुपमा संचालन गर्न टोल विकास संस्थाहरुलाई पूर्ण रुपमा फोहर वर्गीकृत टोल घोषणा गर्ने कार्यको शुरुवात भएको छ। हालसम्म २ वटा टोल विकास संस्थाहरु पूर्णरुपमा फोहर वर्गिकृत टोल घोषणा भएका छन।

५१. फोहरजन्य पदार्थहरुको श्रोतमा बर्गीकरण गरी फोहरको मात्रा घटाउन गल्ने र नगल्ने फोहर छुट्टाएर व्यवस्थापन गरिनुका साथै सिसाजन्य र अस्पतालजन्य फोहर छुट्टाछुटै व्यवस्थापन गर्ने कार्य भैरहेको छ।

५२. कटुवाखोला, सेवारखोला तथा सार्वजनिक स्थलको सरसफाई नीजी क्षेत्र, संघसंस्थाहरुको सहभागितामा अभियानको रुपमा संचालन गरिदै आएको छ।

५३. बजारक्षेत्र भित्र विभिन्न टोल तथा ग्रीनवेल्टमा हरियाली र सौन्दर्य प्रवर्द्धन गर्न बिरुवाहरुको रोपन तथा संरक्षण गरिनुका साथै फोहरले भरिएका नालाहरुको सरसफाई गरिएको छ।

५४. घोराही उप-महानगरपालिका बजार क्षेत्रका सार्वजनिक स्थलमा सामुदायिक पशु चौपायाबाट हुने हानी नोक्सानीलाई न्यूनीकरण गर्न सामुदायिक पशु चौपाया व्यवस्थापन गर्ने कार्य गरिएको छ।

५५. चालु आर्थिक बर्षको जेठ मसान्त सम्ममा आन्तरिक आय करिब २७ करोड एकानब्बे लाख संकलन भएको छ जुन लक्ष्यको करिव ७७ प्रतिशत हुन आउँछ। राजस्व गस्ति मार्फत ४२९ व्यवसायहरुको अनुगमन तथा स्थलगत व्यवसाय दर्ता गरी राजश्वको दायरा वृद्धि गर्ने कार्य भएको छ।

५६. चालु आ.व. देखि SuTRA मा आधारित कर संकलन प्रणालीको शुरुवात गरिएको छ।

५७. सूचना प्रविधिको प्रयोगलाई बढाउँदै सबै वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु, सेवा केन्द्र तथा इकाईहरुमा सूचना प्रविधि उपकरण तथा इन्टरनेट जडान भई विद्युतीय शासनसँग सम्बन्धित ई-सेवाहरु, अनलाईन घटना दर्ता, अनलाइन सफ्टवेयर मार्फत राजस्व संकलन लगायतका सेवाहरु वडास्तरमै संचालन भई नगरवासीहरुलाई सहज रुपमा सेवा प्रदान गरिएको छ। अधिकांश विद्यालयहरुमा ICT Lab स्थापना भई कम्प्युटरमा आधारित शिक्षण विधि संचालन गरिएको छ।

५८. वेबसाइट, ग्रुप एस.एम.एस., डिजिटल हेल्प डेस्क, मल्टीमिडिया, सामाजिक संजाल लगायतका माध्यमहरु प्रयोग गरी सूचना प्रवाहलाई अद्यावधिक एवं प्रवाभकारी बनाइएको छ।

५९. रेडियो कार्यक्रम, टेलिभिजन कार्यक्रम तथा छापा लेखको माध्यमबाट आम नगरवासीलाई सु-सूचित गराउनुका साथै जनतासंग स्थानीय सरकारको सम्बन्ध बिस्तार गरिएको छ।

६०. आवधिक रुपमा नियमित सार्वजनिक सुनुवाईका कार्यक्रमहरु संचालन गरी सार्वजनिक जवाफदेहिता प्रवर्द्धन गरिएको छ।

६१. विभिन्न सूचना प्रविधि प्रणाली, सफ्टवेयरहरुको स्थापना तथा कर्मचारीहरुको सूचना प्रविधि सम्बन्धी सीप विकास गरी कार्यालयको सेवाहरु सूचना प्रविधि मैत्री बनाई सुशासनको लागि विद्युतीय शासनको प्रयोगमा जोड दिइएको छ। कर्मचारीहरुको कार्यालयमा उपस्थितिलाई अनुशासित तथा जवाफदेही बनाउन ई-हाजिरीको व्यवस्था गरिएको छ।

६२. त्रैमासिक तथा वार्षिक रुपमा योजना तथा कार्यक्रमहरुको प्रगतिको समिक्षा मार्फत सुधार गर्नु पर्ने पक्षहरुको पहिचान गरी नीति तथा कार्यक्रममा समावेश भई कार्यान्वयन भएका छन।

६३. स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन, वित्तिय जोखिम न्यूनिकरण, स्वतः प्रकाशन लगायतका संस्थागत सुधारका कार्यहरु निरन्तर हुँदै आएका छन। साथै सूचनाको हक अन्तर्गत चालु आर्थिक वर्षमा  लिखित रुपमै सूचना माग गर्ने १५ जना व्यक्तिलाई सूचना उपलब्ध गराइएको छ।

६४. उपभोक्ता हित संरक्षण तर्फ सरोकारवालाहरुसंग उपभोक्ता हित सम्वन्धी अन्तरक्रिया कार्यक्रम, मा.वि. तहका विद्यालयहरुमा विद्यार्थी केन्द्रित अभिमुखिकरण, वडातहहरुमा उपभोक्ता हित सम्बन्धि जनचेतनामुलक कार्यक्रम र खाद्य अधिकार प्रवर्द्धन तथा खाद्य स्वच्छता सम्बन्धी खाद्य सरोकारवालाहरुसंग अन्तर्क्रिया कार्यक्रम भएका छन। साथै विभिन्न क्षेत्रका करिव ६५० जना सरोकारवाला तथा आम उपभोक्ताहरुलाई संघ तथा स्थानीय सरकारले निर्माण भएका उपभोक्ता अधिकार सम्बन्धी विभिन्न ऐन कानूनका बारेमा जानकारी प्रवाह गरिएको हुँदा त्यसका प्रभावले बजार तथा ग्रामिण क्षेत्रका उपभोक्ताहरुमा लेवलिङ र उपभोग्य मिति हेरेर मात्र वस्तुको उपभोग गर्ने, व्यवसायीहरुमा आफ्नो व्यवसायबाट उपभोक्तामैत्री व्यवहार गर्ने बानीको क्रमशः विकास हुदै गएको छ।

६५. डेरी तथा मासु पसलहरुलाई लक्षित गरी गरिएको संयुक्त वजार अनुगमनका प्रभावले उपभोक्ताहरुमा शंकास्पद दूधको परीक्षण गर्नुपर्ने र फ्रिजिङ गरेको मासु उपभोग गर्नुपर्ने भन्ने कुराको सचेतना बढेको छ। साथै  डेरी तथा मासु व्यवसायीहरुमा स्थानीय सरकारले तोकेको मापदण्डमा रही व्यावसायिक स्वच्छता कायम गर्नुपर्दछ भन्ने बानीको विकास हुदै गएको छ।

६६. एग्रोभेट लक्षित संयुक्त वजार अनुगमन गरिएको छ। सो क्रममा म्याद गएका सामानहरु बजारबाट नियन्त्रणमा लिएर बजार व्यवस्थापन समितिको निर्णयानुसार नष्ट गरी आम उपभोक्ता र कृषकहरुमा जान सक्ने गुणस्तरहीन कृषिजन्य विउविजन एवं किटनाशक विषादीहरुलाई रोक लगाई गुणस्तरहीन वस्तुहरुबाट हुन सक्ने क्षतिलाई न्यूनिकरण गरिएको छ।

६७. आम उपभोक्ताहरुको अधिकारलाई सुनिश्चित गर्दै पीडित उपभोक्ताबाट आएका लिखित तथा मौखिक उजुरीहरुको सुनुवाई गर्दै उपभोक्ताहरुको गुनासो व्यवस्थापन गरिएको छ।

६८. नगरको मुख्य मुख्य सडकमा संचालित ठेला व्यवसायलाई पूर्ण व्यवस्थित गरिएको छ। सडकको दाया बाँया सडकपेटीमा संचालित फुटपाथ तथा नाङ्ले ब्यापारीहरुलाई नगर प्रहरीहरु खटाई व्यवस्थित गर्नुका साथै सडक पेटी र सडक मिचेर टहरा निर्माण गरी अब्यस्थित रुपमा संचालित ब्यापार व्यवसायलाई व्यवस्थित गर्ने कार्य हुँदै आएको छ।

६९. न्यायिक समितिमा सरोकारवाला पक्षसंग अन्तर्क्रिया कार्यक्रम, नागरिकसंग कानुनी साक्षरता कार्यक्रम, न्यायिक समितिद्वारा सम्पादित कार्य प्रगति बारे पत्रकार मार्फत आम नागरिकलाई जानकारी दिने उद्देश्यले त्रैमासिक रुपमा पत्रकार सम्मेलन कार्यक्रम, नागरिकहरुको सहजतालाई ध्यानमा राखि न्यायिक घुम्ति शिविर संचालन गरिएको छ। विवादित स्थलको अनुगमन, ऐन, कानून तथा कार्यविधि निर्माण प्रकृयालाई सहजता प्रदान गर्न आवश्यकता अनुसार विधेयक समितिमा छलफल गराई टुङ्गो लगाउने गरिएको छ।

७०. अघिल्लो वर्षबाट सरी आएका ३३ र चालु आ.व. २०८०/८१ मा दर्ता भएका ११३ गरी जम्मा १४६ विवाद मध्ये १०६ वटा विवादको मिलापत्र/अन्तिम निर्णय भएका छन् भने ४० वटा विवाद प्रकृयामा रहेका छन। यसरी जिम्मेवारी सरी आएका र दर्ता भएका विवादहरु मध्ये ७२.६% विवाद फछ्र्यौट भएका छन।

७१. बैदेशिक रोजगारलाई सुरक्षित एंव मर्यादित र उपलब्धीमूलक बनाउन विभिन्न कार्यक्रमहरु संचालन भएका छन। जस अन्तर्गत आप्रवासी स्रोत केन्द्रबाट ८२८३ जनालई सूचना प्रदान गर्नुका साथै ५८ जनालाई सिपमूलक तालिममा सिफारिस गरिएको छ।

७२. त्यसै गरी ३० जनालाई मनोसामाजिक परामर्श दिइएको छ भने ४ वटा वडाहरुमा १११ जनाको लागि वित्तीय साक्षरता कक्षा संचालन गरिएको छ। रिटर्नी स्वयंसेवकहरु मार्फत २३०१ जनालाई घरदैलोमा गई सुरक्षीत बैदेशिक रोजगार सम्बन्धी सूचना प्रदान गर्नुका साथै समुदाय स्तरीय ९ वटा अभिमुखिकरण कार्यक्रम सम्पन्न भएका छन।

७३. त्यस्तै बैदेशिक रोजगारीसँग सम्बन्धित १३३ वटा ठगी सम्बन्धी, १६ वटा मृत्यु सम्बन्धी, ६ वटा जेल सजाय सम्बन्धी , ९ वटा स्वास्थ्य सम्बन्धी, १४ जना हराएको सम्बन्धी लगायत अन्य समस्या २१ र ९ जना अलपत्र परेका गरी जम्मा २०८ वटा समस्याहरु मध्ये ९१ वटा समाधान गरिएको छ भने बाँकी ११७ वटा समस्याहरु समाधान गर्न प्रक्रिया अगाडी बढाइएको छ।

**नगरसभा सदस्य ज्यूहरु,**

७४. अब म आगामी आर्थिक वर्ष २०८१/८२ को लागि अख्तियार गरिने नीति तथा कार्यक्रम सम्मानित सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु।

७५. नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, दिगो विकास लक्ष्यहरु, नेपाल सरकारको पन्ध्रौ योजनाको समिक्षा एवं सोह्रौं योजनाको मार्गदर्शन, संघ तथा प्रदेश सरकारको मार्गदर्शन तथा प्राथमिकताहरु, उपमहानगरपालिकाको एकीकृत सहरी विकास योजना र आफ्नै विशिष्ट संभाव्यता एवं

आवश्यकता समेतलाई आधार मानी नगरवासी आमाबुबा, दिदीबहिनी, दाजुभाईहरुबाट व्यक्त भएका जनचाहनाहरु तथा विभिन्न विषयगत क्षेत्रसँग सम्वन्धित सरोकारवाला तथा विज्ञहरुबाट प्राप्त सुझावहरु समेतलाई समेटदै आर्थिक वर्ष २०८१/८२ का लागि निम्न बमोजिमका नीतिहरु अबलम्बन गरिनेछ।

७६. घोराही उपमहानगरपालिका भित्र कृषियोग्य भूमिमा नियमित सिँचाई गर्न नगर क्षेत्र भित्र रहेका सम्भावित खोला, खोल्सी, सिमसार लगायत सम्भावित क्षेत्रहरुको पानीको मुहान संरक्षण, भुमिगत जलभण्डार स्थीर राख्न साथै सिंचाइ, पर्यटन, रोजगारी सिर्जना गरी नगरवासीहरुको आर्थिक स्तर उकास्ने नीति लिइने छ र निर्माण भएका जलाशयहरुमा निजि क्षेत्रसंगको साझेदारीमा व्यवसाय संचालन गरिनेछ।

७७. कृषि उत्पादन एवं उत्पादकत्व वढाउन वहुउद्धेसिय जलासय निर्माण, कुला संरक्षण, प्रमुख वाँधहरुको निर्माण तथा संरक्षण गरिनेछ।

७८. उत्पादनको आधारमा विभिन्न वडाहरुलाई बाली बिशेषको पकेट क्षेत्र पहिचान तथा बिस्तार गरी बिभिन्न खाद्यान्न बाली, नगदेवाली तथा फलफूल खेतीको रुपमा विकास एवं विस्तार गरिनेछ। वीउको स्रोत केन्द्र सुदृढीकरण, बिस्तार र प्रबर्द्धन गरी बर्षेनी बाहिरबाट आयात गरिने मूल बिउको बिज बृद्धि गर्ने सहकारी तथा निजी फर्म केन्द्रहरुलाई प्रोत्साहित गरिनेछ।

७९. कृषियोग्य जमिनमा सिंचाई सुविधा विस्तार गर्न अधुरो रहेका डिप बोरिङ संचालनमा प्राथमिकता दिइनुका साथै सिंचाइका लागि थप बोरिङ निर्माण गरिनेछ।

८०. वाँझो तथा उपयोग विहिन जमिनलाई कृषि उत्पादन कार्यमा उपयोग गर्न तथा करार खेतीलाई प्रोत्साहन गर्न भूमि वैंकको अवधारणा कार्यान्वयनमा ल्याई कृषि उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गरिनेछ ।

८१. कृषि उपजको वजारीकरण, हाटवजारको व्यवस्थापन तथा कृषि तथा वचत सहकारी संस्थाहरुको सवलीकरणमा जोड दिइनेछ।

८२. सूचना प्रविधिको माध्यमबाट कृषकहरुलाई कृषि सम्बन्धी सूचना उपलब्ध गराउन तथा कृषकका समस्या समाधान गर्न घोराही कृषि मोवाइल एप तयार गरी कार्यान्ययनमा ल्याइ किसान परिचयपत्रको समेत व्यवस्था गरिनेछ।

८३. कृषि क्षेत्र सम्वृद्धिको मुख्य आधार रहेकोले खाद्यान्नबालीको उत्पादन र उत्पादकत्व वृद्धि गरी निर्यात प्रवर्द्धन तथा तरकारीमा आत्मिनिर्भर हुने गरी धान, गहु, मकै, तोरी, मसुरो, प्याज र आलुको मूल बिउ तथा उन्नत बिउमा कृषकलाई दिईदै आएको अनुदानलाई निरन्तरता दिइनेछ। परम्परागत तथा रैथाने बाली प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ।

८४. माटोको गुणस्तर ह्रास हुन नदिन माटो परीक्षण कार्यलाई निरन्तरता दिदै प्राङगारिक मल तथा जैविक विषादी उत्पादन तथा प्रयोगमा किसानलाई प्रोत्साहन गरी प्राङगारिक तथा अर्गानिक उत्पादनलाई प्रोत्साहन गरिनेछ।

८५. ५० प्रतिशत अनुदानमा यान्त्रिकीकरण कार्यक्रम साना सिँचाई पूर्वाधार कार्यक्रम, फलाम स्ट्रक्चर प्लाष्टिक टनेल जस्ता कार्यक्रममा लक्षित समूहहरुलाई आवश्यक भूमिका सहित विशेष सहुलियत उपलब्ध गराइनेछ।

८६. ५० प्रतिशत अनुदानमा मौसमी तरकारी एवं फलफूलको भण्डारण गर्ने व्यवस्था मिलाइनेछ ।

८७. पशुहरुको उत्पादन अनुसारको पोषणलाई ध्यानमा राखी पोषणयुक्त पशुआहारामा विशेष जोड दिइनेछ। नगरलाई पशु आहारामा आत्मनिर्भर बनाउन पोषिला घाँसेवाली प्रवर्द्धन/नर्सरी स्थापना हिउँदे घाँसको बिउ उत्पादन कार्यक्रम संचालन गरिनेछ। वडा नं. ६ पोषिला घाँसको विउ उत्पादनको सम्भाव्य क्षेत्रका रुपमा विकास हुदै गएकोले पोषिला घाँसको विउ उत्पादन कार्यमा संलग्न कृषकहरुलाई प्रोत्साहन गरिनेछ।

८८. पशुपन्छीमा देखिने संक्रामक सरुवा रोग लम्पीस्किन, पिपिआर, भ्यागुते, चरचरे, खोरेत, स्वाईन फिवर र कुकुरहरुमा लाग्ने रेविज रोग विरुद्धको खोप निःशुल्क प्रदान गरी पूर्ण खोपको सुनिश्चितता गरिनेछ।

८९. **स्वस्थ पशु स्वच्छ उत्पादन** अन्तर्गत पशु उपचार आवधिक तथा आकस्मिक पशु स्वास्थ्य शिविर र डोर टु डोर जस्ता किसानमुखी कार्यक्रम संचालन गरिनेछ।

९०. परिवर्तित समय अनुसार प्रविधि विस्तार, जनचेतना अभिवृद्धि, व्यवसाय जोखिम न्युनीकरण, जुनोटिक रोग सचेतना तथा अभिमुखिकरण र मागमा आधारित व्यवसायिक तालिम कार्यक्रम संचालन गरिनेछ।

९१. खेतीबालीमा अर्गानिक मलको प्रयोग बढाउन मुत्र संकलन सहित गाई/भैसीको भकारो सुधार कार्यक्रम, बायोग्याँस प्लान्ट, च्यापकटर र घाँसमा अनुदान लगायत कार्यक्रम आवश्यकताको आधारमा प्याकेजमा संचालन गरिनेछ।

९२. सामुदायिक चौपाया व्यवस्थापन गर्न चाक्लीघाटमा संचालनमा रहेको गौशालामा पशु आहाराको अभावलाई न्यूनीकरण गर्न पोषिला घाँस खेति/रोपन गरी पशु आहारामा पुर्ति गरिनेछ।

९३. उपभोक्ताको स्वच्छ मासु उपभोग गर्ने अधिकारलाई सुनिश्चित गर्न निर्माण गरिएको पशुबधशाला संचालनमा ल्याई प्रारम्भिक चरणमा राँगा र बंगुरको स्वास्थ्य परीक्षण सहित उक्त बधशालामा मात्र पशुबध गर्न अनिवार्य गरिनेछ।

९४. पशु स्वास्थ्य सेवालाई अझ प्रभावकारी छिटो छरितो सेवा प्रदान गर्ने वातावरण सृजना गर्न नगर भित्र रहेका पशु सेवा केन्द्रको सुदृढीकरण गरिनेछ।

**नगरसभा सदस्य ज्यूहरु,**

९५. **एक सहकारी एक उद्यमी** तयार गर्न सबै सहकारी संस्थालाई अभिप्रेरित गर्ने कार्यलाई निरन्तरता दिइनेछ। सहकारीहरुको क्षमता विकासका लागि आवश्यक तालिम ब्यवस्थालाई निरन्तरता दिदै यसका सिद्धान्त, मुल्य, मान्यता, आदर्श र उद्देश्यलाई सूचना प्रविधिका माध्यमबाट जनस्तरसम्म पुर्याइनेछ।

९६. सहकारी ऐन, नियम, नीति, बिधीको नवीनतम अभ्यासलाई सहकारी सचेतना कार्यक्रम मार्फत संचालन गरिनुका साथै जिल्ला सहकारी संघ लगायत बिषयगत संघ सँगको सहकार्यमा सहकारीलाई बिबिधीकरण गरी अनुगमन लगायत विविध कार्यक्रम संचालन गरिनेछ।

९७. संख्यात्मक सहकारी संस्था भन्दा गुणात्मकतामा वृद्धि गर्न समान प्रकृतिका सहकारी संस्था बीच एकीकरण सम्बन्धी कार्यलाई प्रोत्साहन गरिनेछ।

९८. **सहकारीमा सुशासन ब्यवस्था, प्रविधि र तथ्यांङ्कको आवश्यकता**लाई ब्यवहारीक बनाउन सहकारी तथा गरिबी सम्बन्धी ब्यवस्थापन सूचना प्रणाली (COPOMIS )मा सबै सहकारीलाई आबद्ध गरी सूचनालाई व्यवस्थित गरिने कार्यलाई निरन्तरता दिइनेछ।

**नगरसभा सदस्य ज्यूहरु,**

९९. पर्यटन तथा संस्कृति प्रवर्धनका लागि कला, साहित्य, संस्कृतिको संरक्षण तथा प्रवर्द्धनका साथै अध्ययन अनुसन्धान कार्यमा जोड दिईनेछ। परम्परागत, लोपोन्मुख सीप, कलाको संरक्षण तथा प्रवर्द्धन गर्दै त्यसलाई रोजगारी र आयआर्जनसँग जोडिनेछ।

१००. पर्यटकीय सम्पदाको विकासका लागि आवश्यक पूर्वाधार, वातावरण संरक्षण, पर्यापर्यटनमा जोड, पर्यटनमैत्री वातावरण निर्माण गर्ने तर्फ आबश्यक कदम चालिनेछ।

१०१. मुख्य मुख्य धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको विकास, प्रवर्द्धन र संरक्षणमा जोड दिईने छ। पर्यटकीय सम्पदाको प्रचार प्रसार गर्न डिजिटल प्रविधिको प्रयोगमा जोड दिइनेछ।

१०२. वेरोजगार युवायुवती, वैदेशिक रोजगारीबाट फर्किएका नागरिक, गरिबीको परिचयपत्र प्राप्त परिवार तथा मुक्त कम्लहरी, शारिरिक रुपमा अशक्त, एकल महिला परिवारलाई लक्षित गरी कृषि तथा गैर कृषि सम्बन्धी, आयमूलक, सीपमूलक, उत्पादनशील कार्यक्रम संचालन गरी स्वरोजगार बनाइनेछ।

१०३. **"एक वडा एक उत्पादन, एक घर एक उद्यम"** लाई व्यवहारिक कार्यन्वयन गरी नागरिकको जीवनस्तर माथि उठाउन आर्थिक आय आर्जनका क्रियाकलाप अगाडी बढाई नवप्रर्वतन एवं सिजर्नशील कामका लागि थप गतिशील बनाइनेछ।

१०४. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई रोजगारी, सीप विकास र उद्यमशिलतासँग आबद्ध गरी एकीकृत रुपमा कार्यान्वयन गरिनेछ।

**नगरसभा सदस्य ज्यूहरु,**

१०५. सामुदायिक विद्यालयहरुलाई न्यूनतम पूर्वाधारयुक्त बनाउनको लागि मा.वि. तथा आधारभूत विद्यालयहरुलाई आवश्यक पर्ने न्यूनतम कक्षा कोठा, शौचालय, खानेपानी, फर्निचर, तारवार पर्खाल, मर्मत सम्भार एवं विद्यार्थीको अनुपात र आवश्यकताको आधारमा स्कूल बसको क्रमशः व्यवस्था गर्दै न्यूनतम पूर्वाधारयुक्त विद्यालय घोषणा गरिनेछ।

१०६. विद्यालय उमेर समूहका सवै बालबालिकाको पहूँच सुनिश्चित गर्न विभिन्न प्रोत्साहन मूलक कार्यक्रमहरु संचालन गरिनेछ। समयमै निःशूल्क पाठ्यपूस्तक वितरण, विद्यार्थीहरुलाई दिवा खाजाको व्यवस्था तथा आधारभूत तह र अंग्रेजी माध्यमबाट सिकाइ सहजिकरण गर्न सामुदायिक विद्यालयहरुलाई प्रोत्साहीत गरिनेछ।

१०७. प्रोत्साहनमूलक कार्यक्रम, विभिन्न छात्रवृति वितरण, १२ कक्षासम्म निःशुल्क पाठ्यपुस्तक वितरण, निःशुल्क सेनेटरी प्याडको वितरण लगायतका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

१०८. विज्ञान प्रयोगशाला, सूचना प्रविधि प्रयोगशाला तथा पुस्तकालय स्थापना गर्ने कार्यलाई निरन्तरता दिईनेछ। विज्ञान विषय केन्द्रीत नमुना विद्यालय संचालन गरिनेछ । प्राविधिक धारको शिक्षालाई व्यवस्थित गरी सिपयुक्त तथा प्राविधिक जनशक्ति उत्पादन गर्न विशेष जोड दिइनेछ ।

१०९. माध्यमिक तह कक्षा ९ र १० मा अध्ययन गर्ने विद्यार्थीहरुको लागि रुचि र खुवी अनुसार उपयुक्त लक्ष्य पहिचान गर्न सक्षम वनाउन बृत्ति मार्गनिर्देशन कार्यक्रमलाई निरन्तरता दिइ क्रमशः सम्पुर्ण सामुदायिक विद्यालयहरुमा विस्तार गरिनेछ ।

११०. कार्यगत अभ्यास सहितको तालिम, औद्योगिक प्रशिक्षण तालिम तथा प्राविधिक शिक्षा अध्ययनको लागि आर्थिक तथा सामाजिक रुपमा पिछडिएका समुदायका विद्यार्थीहरुका लागि छात्रबृत्तिको व्यवस्था गरिनेछ। बेरोजगार तथा सिप सिकेर स्वरोजगार बन्न चाहने युवाहरुलाई १० महिने कार्यगत अभ्यास सहितको तालिमलाई निरन्तरता दिइनेछ ।

१११. चिकित्साशास्त्र र इन्जिीनियरिङ विषयमा अध्ययन गर्ने छात्रछात्राहरुलाई छात्रबृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११२. घोराही उपमहानगपालिका नगर खेलकुद समितिलाई थप प्रभावकारी बनाइ खेलकुद कार्यक्रमलाई वडास्तर सम्म संचालन गर्दै लगिनेछ। राष्ट्रिय युवा परिषदबाट प्रदत्त युवा लक्षित नीति तथा कार्यक्रमलाई

स्थानीय तहको साधन स्रोत सम्भाव्यताको आधारमा कार्यक्रमहरु समावेश गरिनेछ। खेलकुदको विकासका लागि खेलका माध्यमबाट घोराहीको पहिचान बनाउन र खेलाडीहरुको विकास गर्न मेयर कप फुटबल, विद्यालयस्तरीय उपमेयरकप भलिवल (छात्र,छात्रा) तथा वडास्तरीय क्रिकेट प्रतियोगिता लगायतका विभिन्न विधाका खेलहरुलाई प्राथमिकता दिई क्रमशः संचालन गरिनेछ।

११३. रोजगारी तथा बृत्ति विकास सम्बन्धी अवसरको खोजिमा रहेका युवाहरुलाई बृत्ति तथा रोजगारी सम्बन्धी मार्गनिर्देशन सेवा सञ्चालन गरिनेछ।

११४. संघीय सरकार, प्रदेश सरकार, घोराही उपमहानगरपालिका र निजि क्षेत्रसंग समेतको सहकार्यमा सबै वडामा सम्भाव्यताको आधारमा न्यूनतम खेलकुद पुर्वाधार निर्माण गरिनेछ।

११५. शिक्षक तथा विद्यार्थीको हाजीरी तथा विद्यालयको दैनिक आर्थिक/ प्रशासनिक कार्य संचालनलाई प्रविधि मार्फत प्रत्यक्ष रुपमा सामाजिक विकास महाशाखाबाट निरीक्षण गर्न मिल्ने गरी प्रविधिको विकास गरिनेछ।

११६. नगरको समन्वयमा पालिकाभित्र रहेका संस्थागत तथा सामुदायिक विद्यालयहरुमा सञ्चालन गरिने विभिन्न अतिरिक्त क्रियाकलाप तथा प्रतियोगिताहरु चक्रीय प्रणालिबाट सञ्चालन गरी विद्यार्थीहरुको प्रतिभा र क्षमता विकास गर्न प्रोत्साहन गरिनेछ। माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरुको अन्तर निहित प्रतिभा उजागर गर्न प्रतियोगितात्मक बक्तृत्वकला, विज्ञान प्रर्दशनी एवं सांस्कृतिक कार्यक्रम र आधारभूत तहका विद्यार्थीहरुका लागि हाजिरी जवाफ तथा नृत्य प्रतियोगिता जस्ता क्रियकलाप संचालन गरिनेछ।

११७. थारु तथा मगर भाषामा कक्षा १—३ को पाठ्यक्रम अनुसारको पाठ्यपुस्तक निर्माण गरी लागू गरिनेछ। कक्षा १—८ को स्वीकृत आधारभूत तहको स्थानीय पाठ्यक्रम अनुसार पाठ्यपुस्तकको व्यवस्था गरिनेछ।

११८. कक्षा १ देखि १० सम्म परिवर्तन भएको पाठ्यक्रम र मूल्यांकन प्रणाली कार्यान्वयनका लागि पाठ्यक्रम विकास केन्द्रको तालिम प्याकेज अनुसार अल्पकालिन तालिम संचालन गरिनेछ।

११९. मा.वि.तथा आधारभूत तहका शिक्षकहरुको क्षमता विकास एवम् लेखा प्रणाली र आर्थिक व्यवस्थापनलाई व्यवस्थित गर्नका लागि प्र.अ. तथा लेखामा काम गर्ने कर्मचारीहरुलाई तालिम प्रदान गरिनेछ ।

१२०. संस्थागत विद्यालयहरुलाई आवश्यकता अनुसार कानून बमोजिम नियमन गरिनेछ ।संस्थागत विद्यालयहरुले उठाउदै आएको भर्ना शुल्क, कक्षा अप ग्रेडिङ शुल्क, परीक्षा शुल्क लगायतका विभिन्न शुल्कहरुको सम्बन्धमा अनुगमन गरी व्यवस्थित गरिनेछ ।

१२१. विगत वर्षहरुमा जस्तै यस आ.व.मा पनि विद्यार्थी संख्यालाई मुख्य आधार मानी सबै तहमा कार्यरत शिक्षकहरुको विषयगत एवम् शिक्षक विद्यार्थी अनुपातमा दरबन्दी मिलान गरिनेछ। न्यून विद्यार्थीको कारण संचालन हुन नसकिरहेका विद्यालयहरुलाई नजिकको पायक पर्ने विद्यालयमा गाभ्ने नीति अवलम्वन गरिनेछ।

१२२. राष्ट्रिय शिक्षा नीतिले सम्बोधन गरे बमोजिम ५ वर्षे नगर शिक्षा योजना तयार गरिनेछ र नगरस्तरीय संस्थागत तथा सामुदायिक विद्यालयको समग्र वस्तु स्थिती स्पष्ट देखिने गरी विद्यालय प्रोफाइल तयार गरिनेछ।

१२३. अपाङगता भएका बालबालिकाहरुलाई विषेश प्रोत्साहन सहित भर्ना गरिनेछ ।फरक क्षमता भएका विद्यार्थीहरुको सिकाइलाई निरन्तरता दिइनेछ ।श्रवणविहिन, दृष्टिविहिन, अटिज्म लगायतका अपांगता भएका वालबालिकाहरुको शिक्षाका लागि विशेष व्यवस्था गरिनेछ। बालमन्दिर आधारभूत विद्यालयलाई अपाङ्गमैत्री विशेष विद्यालयका रुपमा संचालन गरिनेछ।

१२४. प्रत्येक वडामा एक वटा पर्ने गरी छनोट गरिएका १९ वटा नमूना विद्यालयहरुको शैक्षिक सुधारको लागि कार्ययोजना निर्माण गरिनेछ। धार्मिक विद्यालय समेतलाई नमूना विद्यालय अनुरुप विकास गरिने छ ।कक्षा ५ र ८ को परीक्षा प्रणालीमा सुधार गर्न परीक्षाको उत्तर पुस्तिका अन्तर विद्यालय परीक्षण गर्ने व्यवस्था मिलाइनेछ।

१२५. संस्थागत विद्यालयहरुमा कम्तिमा १० प्रतिशत गरीव तथा जेहेन्दार छात्रवृत्ति सुनिश्चित गरिनेछ साथै सोको तथ्यांक नगरपालिकामा अभिलेखिकरण गरिनेछ ।एस.ई.ई. र प्लस २ दिई घरमा वसेका विद्यार्थीहरुलाई इन्टर्नसीप/व्रिज कोर्स कायर्क्रम संचालन गरिनेछ। उपमहानगरपालिकाका केहि विद्यालयहरुमा शुरु भएको पढ्दै कमाउदै कार्यक्रमलाई विस्तार गरिनेछ।

**नगरसभा सदस्य ज्यूहरु,**

१२६. नेपाल सरकारको एक वडा एक स्वास्थ्य संस्थाको नीति अनुरुप प्रत्येक वडामा एक भन्दा वढी स्वास्थ्य संस्थाहरु रहेका स्वास्थ्य संस्थाहरुको पुनर्गठन गरिनेछ। साथै स्वास्थ्य संस्थाहरुलाई भौतिक तथा आर्थिक रुपले सवलीकरण गरिनेछ। आगामी आ.व.२०८१/८२ देखि वडा स्तरमा संचालन हुने प्रकृतिका जनस्वास्थ्य प्रबर्द्धनसंग सम्बन्धित कार्यक्रमहरु वडा स्तरका स्वास्थ्य संस्थाहरुबाट कार्यन्वयन र भुक्तानी प्रकृया सम्बन्धित वडा बाटै हुने व्यवस्था मिलाइनेछ।

१२७. नेपालको संविधानले परिकल्पना गरेको निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई गुणस्तरीय, प्रभावकारी र नागरिक मैत्री बनाउनका लागि नियमित औषधी तथा उपकरणको आपुर्ती व्यवस्थित गरिनेछ।

१२८. नगर स्तरीय प्रस्तावित लक्ष्मीपुर अस्पतालको सेवालाई सुचारु गर्न औषधी, उपकरण र क्रमशः जनशक्तिको व्यवस्था गरिनेछ।

१२९. प्रजनन् रुग्णता कार्यक्रम अन्तरगत पाठेघर बचाउँ अभियान कार्यक्रम सचालन गरिने छ। पाठेघरको निशुल्क भिआईए स्क्रिनिङ्ग गरी क्यान्सरको प्रारम्भिक जाँच तथा उपचारको व्यवस्था मिलाइनेछ।

१३०. नगरवासीको आपतकालीन स्वास्थ्य सेवामा सहज पहुँचका लागि एम्बुलेन्स सेवालाई थप ब्यबस्थित गरिनेछ। असहाय, बिपन्न,क वर्गका अपाङ्गता भएका तथा प्रसुतिजन्य सेवाको लागि निशुल्क एम्बुलेन्सको ब्यबस्था मिलाइनेछ।

१३१. राप्ती स्वास्थ्य बिज्ञान प्रतिष्ठानमा आकस्मिक,सर्जरी तथा जनरल सेवाको लागि उपचारमा आएका घोराही उपमहानगरपालिकामा स्थायी बसोवास गर्ने नागरिकहरुलाई  आवश्यक पर्ने रगत नेपाल रेडक्रस सोसाईटीको समन्वयमा नगर प्रमुख रक्त संचार सेवा कार्यक्रमबाट निःशुल्क उपलब्ध गराइनेछ। साथै नगर प्रमुख रक्त संचार कार्यक्रमलाई थप प्रभावकारी वनाई रगतको व्यवस्थापन सनिश्चित गर्नरक्तदाताहरु बिच उत्पेरणा कार्यक्रम संचालन गरिनेछ।

१३२. प्रजनन् स्वास्थ्यका सबै कम्पोनेन्टहरुमा प्रभावकारी र गुणस्तरीय सेवा प्रदान गरिनेछ । खोप सेवालाई सबैको पहुंचमा हुने गरी कार्यक्रमहरु गरिनेछ। उप प्रमुख खुत्रुके बचत कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१३३. आँखा उज्यालो कार्यक्रम अन्तर्गत राप्ती आँखा अस्पताल रक्षाचौरको साझेदारीमा मोतियाबिन्दुको निःशुल्क अप्रेसन गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ। स्वास्थ्यकर्मीहरुको प्रत्यक्ष सहभागितामा ज्येष्ठ नागरिक घरदैलो स्वास्थ्य उपचार सेवालाई निरन्तरता दिइनेछ।

१३४. मानसिक रोग र बढ्दै गइरहेका नसर्ने रोगहरुको रोकथाम तथा उपचारका लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ।

१३५. आयुर्वेदिक चिकित्सा प्रणालीको विस्तार र प्रवर्द्धन गरिनेछ। वडाहरुमा जन चेतनामुलक कार्यक्रम,तनाव व्यवस्थापन,नसर्ने रोग व्यवस्थापन, स्वस्थ जीवनशैली अपनाउन आहार, विहार, विचार र व्यवहार परिवर्तन गर्न प्रोत्साहन गरिनेछ। आर्युबेद उपचारात्मक(ओपिडी तथा शिविर), प्रवर्धनात्मक तथा पुर्वकर्म, पंचकर्म तथा शिरोधारा सहितको आयुर्बेद स्वास्थ्य सेवालाई बिस्तार गरिनेछ।

१३६. विद्यालयमा शिक्षक र विद्यार्थीहरुलाई आयुर्वेद स्वस्थवृत (दिनचर्या ऋतुचर्या आहारबिहार आदी) सदवृत , आचार रसायन आयुर्बेद जीवनशैली सम्बन्धी सचेतना गराई स्थानीय स्तरमा प्राप्त हुने जडिबुटीको परिचय र उपयोगीता बारे जानकारी गराउने, योग र ध्यानको बारेमा जानकारी दिइ योगका बिभिन्न कृयाकलापहरुको अभ्यास गराउने र सिकाउनेजस्ता कार्यक्रम संचालन गरिनेछ। साथै नागरिक

स्वास्थ्यलाई ध्यानमा राखी दैनिक नियमित योग शिविर संचालन गर्न आवश्यक पुर्वाधारहरु सुधार तथा निर्माण गरिनेछ।

१३७. ज्येष्ठ नागरिक आयुर्वेद स्वास्थ्य प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिइनेछ। साथै स्तनपान गराउने आमालाई मातृशिशु सुरक्षार्थ कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१३८. महामारी रोग तथा विपद ब्यवस्थापनको पुर्व तयारी तथा प्रतिकार्य टिम (RRT) लाई थप शसक्त बनाइनेछ।

१३९. विद्यालयमा पढ्ने बालबालिकामा बढ्दो जंकफुडको प्रयोग, लागु औषध दुर्व्यशनी, मनोसामाजिक समस्या, मोबाइलको प्रयोगको लत र दुर्व्यशनी साथै सरुवा रोग लगायतका कुलतबाट बचाउनका लागि स्मार्ट विद्यार्थी,स्मार्ट विद्यालय र स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ।

१४०. प्रदेश तथा गैर सरकारी संघ संस्थाको समन्वयमा सिकलसेल एनिमिया रोग समय मै पत्ता लगाई जिन शुद्धिकरणको लागि नियमित रुपमा रक्त समूह जाँच तथा विवाह कुण्डली सम्बन्धी जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ।

१४१. महिला सामुदायिक स्वास्थ्य स्वयसेविकाहरुको व्यवस्थापनलाई थप प्रभावकारी बनाइने छ। महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई दिइएको निःशुल्क स्वास्थ्य बिमालाई निरन्तरता दिइनेछ र यौन हिंसामा परेका द्धन्द पिडित, एच.आई.भि. संक्रमित परिवारहरुलाई निःशुल्क स्वास्थ्य बिमाको व्यवस्था मिलाइनेछ। स्वास्थ्य आमा समूहलाई थप प्रभावकारी गराइनेछ। साथै उमेर हदको र रोगका कारणले प्रभावित महिला स्वास्थ्य स्वयम सेविकालाई थप सुविधा र प्रोत्साहन प्रदान गरिनेछ।

१४२. खास किसिमका रोगको जटिलता तथा बिपन्नताको आधारमा गुणस्तरीय तथा निःशुल्क सेवाको लागि राप्ती स्वास्थ्य बिज्ञान प्रतिष्ठानसंग सहकार्य गरिनेछ।

१४३. एच.आई.भि. संक्रमित व्यक्ति, यौनिक तथा लैगिंक अल्पसंख्यक व्यक्ति, तेश्रो लिङ्गीका परिवार तथा समुहलाई सहयोग, हेरचाह, उपचार, क्षमता वृद्धि तथा पोषण कार्यक्रम संचालन गरिनेछ।

१४४. सुत्केरी अवस्थामा आमा तथा नवजात शिशुको घरमै गई स्वास्थ्य अवस्था परिक्षण गरि जटिलताहरु समयमा नै पहिचान गरी उपचार, व्यवस्थापन तथा प्रेषण गर्नको लागि PNC Visit प्रोत्साहन कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ।

१४५. बिपन्न नागरिकहरुलाई निशुल्क स्वास्थ्य सेवा प्रदान गर्ने नीति बमोजिम असहाय, अशक्त र आर्थिक रुपले विपन्न वर्गलाई मुटु, मृगौला प्रत्यारोपण, क्यान्सर, कलेजो रोगको उपचारमा आर्थिक सहायता प्रदान गरिनेछ। साथै तोकिएको अस्पतालमा निःशुल्क उपचारको व्यवस्था गरिनेछ र बिपन्न नागरिक औषधी उपचार खर्च उपलब्ध गराउने कार्यविधी २०७८,बमोजिम कार्यविधिमा तोकिएका रोगको नियमित

उपचार खर्च वापत मासिक रु ५०००।- उपलब्ध गराउने कार्यक्रम अन्तर्गत गरिब परिवार परिचय पत्र प्राप्त घोराहीबासीहरुलाई उपचार खर्च उपलब्ध गराइनेछ।

१४६. प्रदेश सरकारको सहकार्यमा स्थायी बन्ध्याकरण सेवा शुरु गरिनेछ।परिवार योजना तथा किशोरकिशोरी प्रजनन् स्वास्थ्य सेवालाई सुदृढ्किरण गर्नका लागि गैर सरकारी तथा नीजि संघ फर्म संग समन्वय गरी संचालन गरिनेछ।साथै नियमित अभिलेख, प्रतिवेदन, अनुगमन र पृष्ठपोषण गरिनेछ।

१४७. प्रदेश सरकारसँग समन्वय गरी घोराही उपमहानगरपालिका अन्तर्गत रहेका सिकलसेल एनिमिया, थालसेमिया र हेमोफेलियाका रोगीहरुलाई निशुल्क स्वास्थ्य बीमाको व्यवस्था गरिनेछ।

**नगरसभा सदस्य ज्यूहरु,**

१४८. सामाजिक समावेशीकरणको दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम समुदाय, पिछडा वर्ग, सीमान्तकृत, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, एकल महिला ,लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न नागरिकको संरक्षण र सशक्तीकरणमा जोड दिइनेछ।

१४९. आर्थिक तथा सामाजिक रूपमा पछि परेका महिला, मुस्लिम, दलित, आदिवासी जनजाती, बालबालिका, अपाङ्गता भएका व्यक्ति,तथा वहिरा,ज्येष्ठ नागरिक, तेश्रो लिङ्गी, लोपोन्मुख एवं अल्पसङ्ख्यक जातजाती, सीमान्तकृत समुदाय, मुक्त कमलहरी, द्वन्द पिडित, सहिद तथा बेपत्ता परिवार तथा पिछडिएको बर्गको लागि सामाजिक र आर्थिक उत्थानका कार्यक्रम संचालन गरिने छ। बहिरा नागरिकहरुको क्षमता तथा संस्थागत विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

१५०. नगरमा आर्थिक तथा सामाजिक रुपमा पछाडी परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने व्यवस्थाका साथै विभिन्न समुदाय बीच सामाजिक सद्भाव र सौहार्दता कायम गर्ने, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, बालश्रम, मानव बेचबिखन जस्ता सामाजिक अपराध, कुरीति र अन्धविश्वासको अन्त्य गर्न गराउन र महिला तथा पिछडिएको एवं लक्षित वर्गको सहभागिता वढाउन, योजना छनौटमा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने कार्यकममा जोड दिन **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको** नीतिलाई अबलम्वन गरिनेछ।

१५१. नगरभित्र लैंगिक हिंसा प्रभावित व्यक्तिका लागि समुदायमा आधारित संरक्षण कार्यक्रम र अल्पकालिन आश्रयगृह (सेवाकेन्द्र) हरुलाई संचालन अनुदान प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१५२. दलित, मुस्लिम, पिछडा वर्ग आदिवासी/जनजाती समुदायमा अत्यधिक प्रचलनमा रहेको बालविवाह न्यूनिकरण गर्न **बिहेवारी बीस वर्ष पारी** भन्ने अभियानलाई निरन्तरता दिइनेछ।

१५३. नेपालको पहिलो बालमैत्री उपमहानगरपालिका घोराहीमा बालमैत्रीका सूचकहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न वडा तथा विभिन्न महाशाखा/शाखाहरुसँग समन्वयात्मक ढंगले नतिजामूलक कार्यक्रम संचालन गरिनेछ।

१५४. वालश्रमिक राख्ने र पठाउनेको अभिलेख राखी सार्वजनिकिकरण गरि बालश्रम मुक्त नगर बनाउने अभियान संचालन गरिनेछ।

१५५. सन् २०२६ सम्म घोराही उपमहानगरपालिकालाई लैंगिक हिंसा नियन्त्रित उपमहानगरपालिका घोषणा गर्न लैंगिक हिंसा नियन्त्रणका लागि सूचक वमोजिम निरोधात्मक,प्रवर्द्धनात्मक एवं संरक्षणात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१५६. स्थानीयस्तरमा रहेका सबै साझेदार संस्थाहरुलाई लैगिक हिंसा नियन्त्रण सम्बन्धी अभिमुखीकरण गरी यस पद्धतिको अवलम्वन गर्न सामूहिक प्रयास गरिनेछ।

१५७. प्रत्येक वडामा युवा क्लवहरु गठन गरी नगरस्तरीय युवा संजाल निर्माण तथा युवाहरुको क्षमता विकासलाई प्राथमिकता दिइनेछ। स्थानीय स्तरमा रहेको टोल विकास संस्था अन्तर्गत महिला सहकारी संस्था, बालक्लव, बालसञ्जाल, किशोर किशोरी समूह संजाल, युवा समूह, युवासञ्जाल, दलित संजाल, एकल तथा लैंगिक हिंसा प्रभावित महिला समूह तथा फरक क्षमता भएका व्यक्तिको क्षमता विकास, संस्थागत, संरचनागत विकासको नीति अबलम्वन गरिनेछ।

१५८. वडाहरुमा गठन गरिएका जेष्ठ नागरिक दिवा सेवा केन्द्रलाई परिचालन तथा व्यवस्थापनमा निरन्तरता दिइनेछ।

१५९. टोल विकास संस्थाहरुलाई थप जिम्मेवारी र जवाफदेही बनाउन टोल विकास संस्थाका सदस्यहरुको क्षमता विकास तथा संस्थागत विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

१६०. ज्येष्ठ नागरिक परिचयपत्रका आधारमा प्राप्त हुने सेवा सुबिधालाई प्रभावकारी बनाउन सरोकारवालाहरुसंग समन्वय गरी कार्यान्वयनको उचित व्यवस्था मिलाइनेछ।

१६१. अनाथ, जोखिममा रहेका तथा सडक बालबालिकाहरुको पुनःस्थापनाका लागि विशेष संरक्षणको नीति अवलम्बन गरिनेछ। अपांगता भएका व्यक्तिहरु तथा बहिराहरुको लागि अपांगताको प्रकृती अनुसार क्षमता विकासको लागि विशेष कार्यक्रम संचालन गरिनेछ।

१६२. घोराही उपमहानगरपालिकाको मौजुदा बालगृह आपतकालीन आश्रयगृह संचालनमा न्यूनतम मापदण्डलाई समयानुकुल सुधार गरी प्रभावकारी रुपमा कार्यान्वयनलाई निरन्तरता दिइनेछ।

१६३. गैर सरकारी संस्थाबाट संचालन हुने कार्यक्रमहरु अनिवार्य रुपमा नगर सभामा पेश गर्नु पर्ने नीतिलाई निरन्तरता दिँदै, गैर सरकारी संस्थाबाट संचालन हुने कार्यक्रमहरुलाई दुर्गम बस्ती एंव पिछडिएका क्षेत्रहरुमा संचालन गर्न प्रोत्साहित गरिनेछ।

१६४. वेवारिसे सडक मानवमुक्त नगर कार्यक्रमलाई प्रभावकारी बनाउन मानव कल्याण समाज सेवा घरलाई अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१६५. सिपमुलक तालिमको प्रभावकारी अध्ययन गरी सोवाट प्राप्त पृष्ठपोषणको आधारमा लक्षित वर्गको जीवनस्तर एवं स्वरोजगारीमा अभिवृद्धि गर्ने गरी कार्यक्रम संचालन गरिनेछ।

१६६. महिला, दलित, आदिवासी, मुस्लिम लोपोन्मुख एवं अल्पसंख्यक जातजाति तथा पिछडिएको वर्गका लागि क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम संचालन गरी स्वरोजगार बन्ने तर्फ प्रेरित गर्न महिलाहरुका लागि सिप विकास तालिम, वीउ पूँजि वितरण कार्यक्रम, लैङ्गिक हिंसा बिरुद्ध क्षमता विकास तालिम, बेवारिसे मानव व्यवस्थापन, मुक्त कमलरी कार्यक्रम, जस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१६७. टोल विकासका महिलाका लागि प्रजनन् स्वास्थ्य सम्बन्धी तालिम, सडक तथा जोखिममा रहेका बालबालिका उद्धार तथा पुनर्स्थापना केन्द्रहरु, अपाङ्गता भएका ब्यक्तिहरुलाई सहायक सामाग्री वितरण, अपाङ्ग परिचयपत्र वितरण कार्यक्रम, जेष्ठ नागरिक परिचय पत्र बितरण कार्यक्रम लगायत महत्त्वपूर्ण कार्यक्रमहरुलाइ निरन्तरता दिइनेछ।

१६८. सामाजिक विभेदको न्यूनीकरण गर्न छुवाछुत, सामाजिक कुरीति, अन्धविश्वास, लैङ्गिक विभेद र हिंसाका घटनाहरु न्यूनीकरणका लागि टोलविकास संस्था मार्फत सामाजिक परिचालन कार्यक्रम सञ्चालन गरिनेछ। समानुपातिक सहभागिता अभिवृद्धीका लागि स्थानीय तहमा गठन हुने समिति, उप-समिति, कार्यदल गठन गर्दा समानुपातिक समावेशिता कायम गरिनेछ।

१६९. सामाजिक सुरक्षा तथा संरक्षणका लागि बालबालिका पुनर्स्थापना केन्द्र, जेष्ठ नागरिक आश्रय केन्द्र, अशक्त स्याहार केन्द्र स्थापना र संचालनका लागि आवश्यकता अनुसार केन्द्रहरु स्थापना गरी सडक बालबालिका पुनर्स्थापना केन्द्र, वालगृह ,जेष्ठ नागरिक दिवा सेवाकेन्द्र, अशक्त वेवारिसे मानवका लागि मानव सेवा आश्रय तथा सेवा घर, हिंसा प्रभावितका लागि महिला सेवा केन्द्र, वृद्धाश्रम, अपांगता भएका व्यक्तिका लागि पुनर्स्थापना केन्द्र जस्ता संरक्षणमा आधारित केन्द्रहरु निरन्तरताका साथै उच्च प्रथामिकताका साथ नियमित संचालन गरिनेछ।

१७०. विभिन्न संघ संस्था सञ्चारकर्मी, टोलविकास संस्थालाई परिचालन गरी वालश्रम, बालविवाह, वहुविवाह, दाइजो/दहेज, लगायत घरेलु हिंसा तथा लैगिक हिंसा अन्त्यका लागि सबै वडाका टोल-टोलमा लैगिक तथा घरेलु हिंसा बहस, पैरवी तथा टोल विकास संस्थाका सदस्यहरुको क्षमता अभिवृद्धिका लागि तालिम

गोष्ठी, अभिमुखीकरण, चेतनामूलक कार्यक्रम र सचेतनामुखि होर्डिङ बोर्ड, भित्ते लेखन, प्रचार-प्रसार जस्ता अभियान सम्बन्धी कार्यक्रमहरुलाई निरन्तरता गरि संचालन गरिनेछ।

१७१. वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी बजेट तर्जुमा गरिनुका साथै लैङ्गिक उत्तरदायी बजेट परीक्षण कार्यक्रमहरू संचालन गरिनेछ।

१७२. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न लाभग्राहीहरुका लागी परिचय पत्र नवीकरण तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी ७ दिने घटना दर्ता सप्ताह  सम्वन्धी सूचनाहरु लगायतका विभिन्न सूचनाहरु स्थानीय एफएम रेडियो मार्फत प्रवाह गरिनेछ।

१७३. सामाजिक सुरक्षामा सूचिकृत लाभग्राहीहरुका लागि अनिवार्य राष्ट्रिय परिचय पत्र तथा Biometric विधिबाट नवीकरण गरिनेछ साथै ३५ दिन भित्र ब्यक्तिगत घटना दर्तालाई शत प्रतिशत पुर्याउनका लागि कार्यक्रमहरु संचालन गरिनेछ।

<u>नगरसभा सदस्य ज्यूहरु,</u>

१७४. पूँजीगत बजेट खर्च क्षमता अभिवृद्धि गर्न आवधिक योजना र मध्यकालिन खर्च संरचना र आयोजना वैंकलाई आधार मानी वार्षिक योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ। घोराही उपमहानगरपालिकाबाट पहिचान गरिएका स्थानीय गौरवका आयोजनाहरुमा प्राथमिकताका साथ लगानी गरिनेछ।  अधुरा तथा क्रमागत आयोजनाहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

१७५. ग्रामिण क्षेत्रमा न्यूनतम २० प्रतिशत र शहरी क्षेत्रमा न्यूनतम ३५ प्रतिशत लागत सहभागिता सुनिश्चित हुने गरी स्वीकृत आयोजनाहरु बाहेक अन्य ह्युमपाइप, विद्युत पोल, तारजाली खरिद लगायत सबै वडा स्तरीय तथा नगर स्तरीय आयोजनाहरुको लागत सहभागिता १० प्रतिशत कायम गरिनेछ।

१७६. वार्षिक आयोजनाहरुको कार्यान्वयन अवधिभर आयोजनाहरुको गुणस्तरीयता सुनिश्चित गर्दै परिणाममुखी र नतिजामुखी वनाउन नियमित तथा आकस्मिक रुपमा स्थलगत अनुगमन गरिनेछ। उपभोक्ता समिति मार्फत संचालन हुने आयोजनाहरु टोल विकास संस्था मार्फत संचालन गरिनेछ। वडा भित्र संचालन हुने आयोजना तथा कार्यक्रमको कार्यान्वयन गर्दा वडा अनुगमन समितिलाई जवाफदेही र बढी जिम्मेवार वनाइनेछ। टोल विकास संस्था मार्फत संचालन हुने आयोजनाहरुको गुणस्तरीयता सम्वन्धमा  टोल विकास संस्थाहरुलाई जिम्मेवार र जवाफदेही बनाइनेछ।

१७७. टोल विकास संस्था मार्फत कार्यान्वयन हुने आयोजनारहरु सम्वन्धित टोल विकास संस्थाहरुलाई हस्तान्तरण गरी एक वर्ष भित्र मर्मत गर्नु पर्ने भएमा सम्बन्धित टोल विकास संस्थावाट मर्मत गर्ने

व्यवस्था मिलाइनेछ। टोल विकास संस्थाहरुको वार्षिक कार्यसम्पादन मूल्याङ्कन गरी थप प्रोत्साहन गरिनेछ।

१७८. आयोजनामा नागरिकहरुको अधिकतम सहभागिता र अपनत्व वढाउन अधिकतम लागत सहभागिता सुनिश्चित हुने आयोजनाहरुलाई प्राथमिकता साथ कार्यान्वयन गरिनेछ। साना तथा कम लागतका टुक्रे आयोजनाहरुलाइ कम गर्दै परिणाममुखी बनाउन साथै वहुसंख्यक जनताहरुमा प्रत्यक्ष लाभ हुने योजना तयार गरिनेछ।

१७९. आयोजनाहरुको गुणस्तर परीक्षण गर्न घोराही उपमहानगरपालिकाको आफ्नै परीक्षण प्रयोगशाला स्थापनाको लागि आवश्यक पुर्वाधार तयारीको शुरुवात गरीनेछ। मर्मत संभार कोष तथा सडक वोर्ड मार्फत निर्मित संरचनाहरुको नियमित मर्मत, संहार गरिनेछ।

१८०. सरयु नदीको सांस्कृतिक महत्व झल्कने गरी पूर्वाधार निर्माण गर्न वृहत सरयु करिडोर आयोजना सम्भाव्यता अध्ययन गरिनेछ ।

१८१. प्रस्तावित चक्रपथ कार्यान्वयनमा सहयोग पुग्ने गरी पहुच मार्ग, सहायक मार्ग, वैकल्पीक मार्ग, गाउँ टोल भित्रका साना सडकहरु निर्माण, मर्मत तथा स्तरोन्नती गरी सडक निर्माण लाइ तिव्रता दिइनेछ। साथै उपमहानगरपालिका अन्तर्गत सवै वडा कार्यालयहरुमा बाह्रै महिना संचालन हुने गरी सडक स्तरोन्नती तथा क्रमस: कालोपत्रे गरीनेछ।

१८२. गाउँवस्ती जोड्ने साना खोल्सा तथा खहरे खोलाहरुमा कल्भर्ट निर्माण गरी आवत जावतलाई सहज वनाइनेछ साथै संघीय सरकार तथा प्रदेश सरकारको लगानीमा ठूला नदी/खोलाहरुमा पुल निर्माणको लागि पहल गरिनेछ।

१८३. भौतिक पूर्वाधार विकासमा सार्वजनिक निजी साझेदारी नीति लिइनेछ ।वहुवर्षिय तथा दीर्घकालिन आयोजनाको वजेट निर्माण तथा कार्यन्वयन गर्दा आवधिक योजना तथा आयोजना वैंक वाट गरिनेछ। सोही अनुसार वजेट बिनियोजन गरिनेछ।

१८४. संघ तथा प्रदेश सरकारको समन्वयमा औद्योगिक क्षेत्र तथा औद्योगिक ग्राम पूर्वाधार निर्माणमा जोड दिइनेछ।

१८५. नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम सुरक्षित नागरिक आवासका निमित्त राष्ट्रिय भवन संहिता अनुसार निजि तथा सार्वजनिक भवनहरुको नक्सापास अभियानलाइ तिब्रता दिइनेछ। नक्सा पास अनुमति नलिएका घरधनीहरुको भवन निर्माण गर्ने ठेकेदार/निर्माण व्यवसायीलाई कारवाहीको दायरामा ल्याइनेछ। नक्सा पास प्रकृयालाइ सजिलो, भरपर्दो, सुरक्षित तथा जनमुखी वनाउन हाल कार्यान्वयनमा रहेको विद्युतीय प्रणालीलाई थप सुदृढ एवं उपयोगी वनाउदै लगिनेछ ।

१८६. नयाँ निर्माण, मर्मत वा प्रवलिकरण हुने भवनहरुमा उर्जा खपत कम गरी भवनलाइ उर्जा प्रभावी बनाउदै लगिनेछ। जलवायु अनुकुलन डिजाइनलाइ प्रोत्साहन गर्न भवन निर्माण मापदण्डमा आवश्यक परिमार्जन गरी नक्सापास प्रक्रियालाई सरलीकरण गरिनेछ।

१८७. नगर क्षेत्रभित्र रहेका सार्वजनिक जग्गाहरु पहिचान गरी संरक्षण गरीनेछ साथै हाल कार्यान्वयनमा रहेको भूमि सम्वन्धि कानूनलाई प्रभावकारी कार्यान्वयनमा ल्याई जग्गा प्लटीङ्ग सम्वन्धी कार्यलाइ व्यवस्थित गरिनेछ।

१८८. प्रवलिकरण, नक्सापाश तथा सुरक्षित नागरीक आवास निर्माण गर्न संलग्न हुने प्राविधिक, निर्माण व्यावसायी, डकर्मी, सिकर्मी, सामाग्री सप्लाएर्स, डिजाइनर, इन्जिनियर, कन्सल्टेन्ट लगायत अन्य संलग्न जनशक्तीको क्षमता अभिवृद्धि गरिनेछ।

१८९. भुमिगत जल भण्डार तथा पानीका मुहानहरु संरक्षण गर्न वर्षातको पानीलाइ रिचार्ज गर्ने तथा प्रशोधन गरी प्रयोगमा समेत ल्याउने प्रयोजनका लागि वर्षातको पानी संकलन गर्ने प्रविधि (Rain Water Harvesting) लाई प्रोत्साहन गरिनेछ।

१९०. घरनक्सा पास प्रक्रियालाई थप सरलीकरण गर्दै न्यूनतम राजश्वमा घर नक्सा पास गर्ने व्यवस्था मिलाइनेछ। अभिलेखिकरण मापदण्डलाई कडाईका साथ लागू गर्नुका साथै अधिकतम राजश्वमा नगर भित्रका सवै वर्गका भवनहरुलाई अभिलेखिकरणको दायरामा ल्याइनेछ।

१९१. शहरी क्षेत्रमा चिस्यान कायम गर्न भवन निर्माण गर्दा आकाशको पानी जमिनमा पठाउने विधि (Ground Water Recharge System) अवलम्बन गरिनेछ।

१९२. भूमिहीन दलित र भूमिहीन सुकुम्वासीहरुलाई जग्गा उपलब्ध गराउन र अब्यवस्थित वसोवासीहरुलाई जग्गा ब्यवस्थापन गर्न लगत संकलनको काम सम्पन्न भईसकेको छ र उक्त संकलित लगतलाई राष्ट्रिय भूमि आयोगको प्रणालीमा प्रविष्टि गर्ने काम आगामी बर्षमा सम्पन्न गरिनेछ।

१९३. नापजाँचको प्रक्रियामा सहजता ल्याउनको लागि Control DGPS (Differntial Global Positioning System) प्रविधिको माध्यमबाट आवश्यकता अनुसार नियन्त्रण विन्दु (Control Point) को स्थापना गरी नापजाँचको कार्य अघि बढाइनेछ।

१९४. प्रमुख प्रकोपहरुको आकस्मिक तथा नियमित अनुगमन, पूर्वानुमान तथा पूर्व सूचना प्रणाली विकास गरी पूर्वानुमानको आधारमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना लागु गरिनेछ।

१९५. विपद् प्रभावीत क्षेत्रहरुको पहिचान गरी जोखिम आँकलन तथा नक्शाङ्कन गरीनेछ। ५०-५० प्रतिशत नगर वडा साझेदारीमा कार्यन्वयन हुदै आएको खरको (फुसको) छाना मुक्त कार्यक्रमलाई निरन्तरता दिँदै खरका छाना मुक्त वडा हुदै क्रमशः खरका छाना मुक्त नगर घोषणा गरीनेछ।

१९६. विपद्बाट क्षतीग्रस्त तथा विपदको उच्च जोखिममा रहेका संरचनाहरुको संरक्षण तथा  पुनःनिर्माण गरिनेछ।

१९७. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यमा सहयोग पुर्याउन उप-महानगरपालिकामा स्थापित आपतकालीन कार्य संचालन केन्द्रका लागि अति आवश्यक बिपद् सामाग्रीहरुको खरिद गरिनेछ।

१९८. विपद् पूर्व तयारी तथा प्रतिकार्यका लागी खुल्ला क्षेत्रको पहिचान, विकास र व्यवस्थापन गर्नुका साथै संकट उन्मुख क्षेत्रमा पहुँचयुक्त एवं सुरक्षित आश्रय स्थलहरु सुनिश्चित गरिनेछ।

१९९. घोराही उप-महानगरपालिका, सरकारी तथा गैरसरकारी संस्थाहरुसंग समन्वय गर्दै विपद् सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरु मार्फत समुदाय स्तरसम्म बिपद् सम्बन्धी जनचेतना अभिवृद्धी गरिनेछ।

२००. विपद् प्रतिकार्य योजना बनाउन, विपद् सामाग्रीहरु चुस्त दुरुस्त राख्न साथै आपतकालीन सिकाइ अभ्यास अभिबृद्धि गर्न बिपद् व्यबस्थापन तथा खोज उद्धार सम्बन्धी नमुना अभ्यास कार्यक्रमहरु संचालन गरिनेछ।

२०१. वातावरणमा सुन्दरता वढाउन, वटुवाहरुलाई सुस्ताउन तथा आम  नागरिकहरुलाई आराम गर्न सहजताका लागि घोराही उप महानगरपालिकाका विभिन्न स्थानहरुमा वातावरणमैत्री चौतारी/मिनी पार्कहरु निर्माण गरिनेछ।

२०२. स्वच्छ ,हराभरा र प्रदुषणमुक्त पालिका अभियानका लागी जलवायु परिवर्तन न्यूनिकरण तथा अनुकुलनका कार्यक्रमहरु संचालन गरिनेछ ।

२०३. घोराही उपमहानगरपालिका क्षेत्र भित्र बसोबास गर्ने अति विपन्न वर्गहरुलाई लक्षित गर्दै विद्युतीय चुलो, तह तिन को सुधारिएको चुलो र घरायसी बायोग्यास लाई बैकल्पिक उर्जा प्रवद्र्धन केन्द्र संग सहकार्य गरी विषेश रुपमा सहुलियत दिइनेछ।

२०४. वनको संरक्षण गरि वन क्षेत्र बिस्तार गर्न समृद्धिका लागि वन परियोजना कार्यक्रम अन्तर्गत सार्वजनिक वन र निजि वन दर्ता प्रक्रियालाई लक्ष्य अनुसार शत प्रतिशत कायम गरिनेछ।

२०५. नेपाल सरकारले गरेको निर्णय र सम्मानित सर्वोच्च अदालतले ४० माइक्रोन भन्दा कम मोटाई भएका प्लाष्टीकजन्य बस्तु  प्रतिबन्ध गर्ने सम्वन्धी आदेशलाई कार्यान्वयन गर्न प्लाष्टिकजन्य बस्तु प्रतिबन्ध ऐन २०८१ जारी गरी लागू गरिनेछ ।

२०६. घोराही उपमहानगरपालिकाको हरित क्रान्तिको लक्ष्यमा सहयोग पुरयाउन लखनपार्क-दामोदर चोक-घोराही चोक-दीपशिखा चोक हुँदै गुलरिया पार्क सम्म, दीपशिखा चोक देखि गूरुकूल सम्म,ध्रुव श्रेष्ठको

घर देखि पाठक चोक र सहिद उमेश मार्ग चोक देखि दक्षिण जिल्ला अदालत —जिल्ला समन्वय समिति हुँदै जिल्ला प्रशासन कार्यालय सम्म Road Side Plantation गरिनेछ।

२०७. प्रत्येक सामुदायिक विद्यालयलाई वातावरण/पर्यावरण मैत्री बनाउनका लागि हरित विद्यालयको रुपमा विकास गर्ने गरी बृक्षारोपण गर्न सम्वन्धित विद्यालयलाई प्रोत्साहन गरिनेछ।

**नगरसभा सदस्य ज्यूहरु,**

२०८. पूर्ण सरसफाई कार्यक्रममा सहयोग पुग्ने गरी सरसफाई अभियान संचालन गरिनेछ। पूर्ण रुपमा फोहर वर्गीकृत टोल घोषणा गर्ने टोल विकास संस्थालाई थप अनुदान दिई प्रोत्साहन गरिनेछ। घोराही उप-महानगरपालिका भित्रका सार्वजनिक क्षेत्रमा फालिने फोहर नियन्त्र गर्न स्वयंसेवक परिचालन गरिनेछ।

२०९. निजि क्षेत्रको सहकार्यमा हाल घोराही उपमहानगरपालिकाले उठाउदै आएको फोहर ठेक्का प्रणाली मार्फत संचालन गर्न व्यवस्था मिलाइनेछ। घोराही उपमहानगरपालिकामा संचालनमा रहेका ब्याकहो लोडर, ग्रेडर तथा रोलर जस्ता भारी सवारीको संचालन र प्रयोग सम्बन्धमा कानून बनाई व्यवस्थित गरिनेछ।

२१०. घोराही उप-महानगरपालिकाको ल्यान्डफिल साइट क्षेत्र वरपरका प्रभावित व्यक्तिहरुलाई आयआर्जन तथा सीपमुलक तालिमको व्यवस्था गरिनेछ। साथै अन्य सेवा सुविधामा आवश्यकताका आधारमा प्राथमिकता समेत दिइनेछ।

२११. अस्पताल, उद्योग, व्यापारिक केन्द्र र वधशाला तथा कलकारखानाबाट निष्कासन हुने फोहरमैला सङ्कलन, व्यवस्थापन दिगो एवं बैज्ञानिक तवरले गरिनेछ। सरसफाई तथा स्वास्थ्य क्षेत्रबाट निस्कने फोहरमैला व्यवस्थापन निजि तथा गैरसरकारी क्षेत्रसंगको समन्वय, सहकार्य, साझेदारीमा गरिनेछ।

२१२. घरबाट निस्कने फोहरमैलाको सङ्कलन र व्यवस्थापन, चोक तथा गल्लीहरूको सरसफाई, ढल निकास, मरेका जनावरको व्यवस्थापन, सतही पानीको निकास तथा पानीको स्रोत संरक्षण गरिनेछ।

२१३. नदी-नाला, जलाशय, जलाधार तथा ताल-तलैयाहरूलाई, उपयोगका आधारमा प्रदूषणमुक्त तथा सामान्य प्राकृतिक स्वरूपमा स्वच्छ कायम राख्न सहभागितामा योजनाहरूको तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

२१४. फोहरपानी तथा मानव मलमूत्र व्यवस्थापन सम्बन्धी मापदण्ड आवश्यकता अनुसार तयार गरी लागू गरिनेछ। ढल प्रणालीबाट सङ्कलित फोहरपानीलाई तोकिएको मापदण्ड र निर्देशिकाहरू बमोजिम व्यवस्थापन गर्न प्रशोधन केन्द्रहरूको निर्माण गरिनेछ।

२१५. एकीकृत भलपानी, ढल, मानव मलमूत्रजन्य फोहर तथा ठोस फोहरको व्यवस्थापनका लागि दिर्घकालीन गुरुयोजना बनाई लागू गरिनेछ।

२१६. शहर सफा राख्न दिशाजन्य लेदो व्यवस्थापन गर्न DPR अनुसारको Treatment Plant निर्माण गरिनेछ।

२१७. सबै वडामा दिगो जलस्रोत, जलाशय तथा सरसफाईको दिगो व्यवस्थापनका लागि कार्यक्रमहरू संचालन गरिनेछ। पहाड, वन, सीमसार, नदी, भूमिगत जलभण्डार र तालहरू लगायत पानीसँग सम्बन्धित पारिस्थितिकीय प्रणालीहरूको संरक्षण र पुनर्स्थापन गर्ने गरी नतिजामूलक कार्यक्रम संचालन गरिनेछ।

२१८. घोराही उप-महानगरपालिकाबाट खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (WASH Plan) तयार गरी संघ, प्रदेश र स्थानीय तहको आपसी समन्वय र सहकार्य मार्फत खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको योजनाबद्ध विकास गरिनेछ।

२१९. खानेपानी, सरसफाइ तथा स्वच्छता सेवामा जलवायु परिवर्तन तथा विपद् जोखिम व्यवस्थापनको विषयलाई समाहित गरी सेवा उत्थानशिलता कायम गरिनेछ।

**नगरसभा सदस्य ज्यूहरु,**

२२०. "उपभोक्ताको स्वास्थ्यको प्रमुख आधार, गुणस्तरीय वस्तु र सहज पहुँच सहितको सेवा प्रसार" भन्ने नारालाई आत्मसाथ गर्दै दैनिक आवश्यक उपभोग्य वस्तु तथा खाद्यान्न जस्तै दुध, तरकारी, मासु, तेल, फलफूल जस्ता पदार्थहरुको गुणस्तर जाँच गर्न आवश्यक सामानहरुको व्यवस्था गरिनेछ साथै स्थानीय रुपमा परीक्षण गर्न नसकिने वस्तुहरुको परीक्षणका लागि प्रदेश तथा संघीय प्रयोगशालामा पठाई गुणस्तर परीक्षण गरिनेछ ।

२२१. गुणस्तरीय वस्तु तथा सेवाको माग-आपूर्ति, समान मूल्यको सन्तुलन, परिमाण, गुणस्तर आदि पक्षमा बजार अनुगमन कार्यलाई निरन्तरता दिंदै कालोबजारी कृत्रिम अभाव, मिसावट र सिण्डिकेट जस्ता विविध समस्याहरु निराकरण गर्न उपभोक्ता हितसँग सम्बद्ध संघसंस्था र अन्य सरोकारवाला समेतको संलग्नतामा बजार अनुगमनलाई थप प्रभावकारी बनाइनेछ।

२२२. **"वस्तु र सेवामा गुणस्तरीयता, उपभोक्ताको हकहितमा सुनिश्चितता"** भन्ने नारालाई मध्यनजर गर्दै बस्तु तथा सेवा प्रदायकहरूले न्यून गुणस्तरको वस्तु तथा सेवा प्रदान गरी कुनै उपभोक्ताको जीउज्यान, सम्पत्ति र स्वास्थ्यमा हानी नोक्सानी पुर्‍याएमा उपभोक्तालाई पर्ने मर्काको सुनुवाइ गर्ने र कानुनी उपचार प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

२२३. उपभोक्ता हित संरक्षण गर्न स्थानीय अनुगमन समितिका पदाधिकारीहरुको क्षमता अभिवृद्धि गरी उपभोक्ताको हकहित सम्बन्धी ऐन कानून र अन्तर्राष्ट्रिय पद्धतिका विषयमा तालीम, प्रशिक्षण दिई सक्रिय बनाइनेछ।

२२४. बजारमा मूल्यको सन्तुलन राख्न अनावश्यक मूल्यवृद्धि गरी बजार मूल्यमा एकाधिकार कायम गर्ने प्रवृत्तिलाई नियन्त्रण गरिनेछ।

२२५. अत्यावश्यक वस्तुहरूको संचयका लागि गोदाम घर, शीत भण्डार र पहुँच प्रवर्द्धन गर्न निजी क्षेत्र तथा सहकारी संघसंस्थालाई प्रोत्साहित गरिनेछ।

२२६. उपभोक्ता अधिकारको जानकारी सहित सुनिश्चितताका लागि उपभोक्ता हितसँग सम्बन्धित विषयहरुलाई सार्वजनिक सूचनाका माध्यमबाट प्रचार प्रसार गर्ने तथा सरोकारवाला संघसंस्थाहरुसंग समन्वय गरी विभिन्न तहमा उपभोक्ता हित सम्वन्धी सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ।

२२७. **"उपभोक्ता हित संरक्षण, व्यवसायीको उचित सुरक्षण"** को नारालाई सार्थक बनाउन सरोकारवाला विभिन्न संघ/संस्थाहरुसंग सहकार्य गर्दै समग्र उपभोक्ता तथा व्यावसायिक अधिकारको समुचित संरक्षण तथा व्यवस्थापनमा ध्यान दिइनेछ ।

२२८. आम उपभोक्ताहरुको सन्तुष्टी परीक्षणका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ। उपभोक्ता हित सम्बन्धी असल अभ्यास गरेका व्यवसायी/सरोकारवालाहरुलाई आवश्यक सुचक तथा मापदण्डको आधारमा प्रोत्साहन गरिनेछ।

**नगरसभा सदस्य ज्यूहरु,**

२२९. राजस्व सुधार कार्ययोजना निर्माण गरी राजश्व संकलन कार्यलाई प्रभावकारी बनाइनेछ । घर जग्गा बहालमा लगाउनेहरुको तथ्याङ्क राजस्व गस्ति मार्फत संकलन गरी सबै घरजग्गा धनिहरुलाई बहाल करको दायरामा ल्याइनेछ। साथै बहाल करलाई आन्तरिक राजस्वको मेरुदण्डको रुपमा समेत विकसित गरिनेछ।

२३०. हालसम्म पनि व्यवसाय करको दायरामा नआएका व्यवसायहरुलाई लक्षित गरी घुम्ति व्यवसाय दर्ता अभियान संचालन गरिनेछ । व्यवसाय कर असूली कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

२३१. राजस्व व्यवस्थापनमा काम गर्ने कर्मचारीहरुको क्षमता अभिबृद्धि कार्यक्रम संचालन गरिनेछ ।

२३२. आर्थिक वर्षको असोज मसान्तभित्र सम्पत्ति कर, मालपोत, व्यवसाय कर तथा बहाल करमा छुटको व्यवस्था गरिनेछ । साथै आर्थिक ऐन, २०८१ मार्फत आवश्यक्ता र औचित्यका आधारमा थप छुट तथा सहुलियतको व्यवस्था गरिनेछ ।

२३३. चालु आ.व.को लक्ष्यलाई आधार मानी लक्ष्य भन्दा बढी राजश्व उठाउने वडाहरुलाई बढी उठेको रकमको २० प्रतिशत रकम सम्बन्धित वडालाई प्रोत्साहन स्वरुप थप बजेट उपलब्ध गराइनेछ।

**नगरसभा सदस्य ज्यूहरु,**

२३४. न्यायिक समितिको कार्य प्रगति सम्बन्धी विवरण त्रैमासिक रुपमा पत्रकार सम्मेलन मार्फत सरोकारवाला पक्षलाई जानकारी गराइने छ। न्यायिक समितिको कामलाई प्रभावकारी बनाउने उद्देश्यले सञ्चालन गरिदै आएको सरोकारवाला पक्षसंग अन्तरक्रिया र नागरिक साक्षरता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२३५. घोराही उप-महानगरपालिकाद्वारा निर्माण भैसकेका ऐन, नियमावली र कार्यविधि समेत समेटी घोराही उप-महानगरपालिकाको कानूनी संग्रह पुस्तक प्रकाशन गरिनेछ ।

२३६. विपन्न, अशक्त, पहुच र अवसरबाट बञ्चित भएका वर्गहरुलाई न्यायमा पहुँच पुर्याउने उद्देश्यले न्यायिक घुम्ति शिविर कार्यक्रम सञ्चालन गरिनेछ।

२३७. उपमहानगरपालिकामा सूचीकृत मेलमिलापकर्ताहरुको कार्यदक्षता थप प्रभावकारी बनाउन मेलमिलापकर्तालाई क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

२३८. स्थानीय सरकार सञ्चालन ऐन तथा न्यायिक समितिको काम कर्तव्य र अधिकार सम्बन्धमा माध्यमिक तहमा अध्यनरत विद्यार्थीहरुसंग अन्तक्रिया कार्यक्रम सञ्चालन गरिनेछ।

२३९. दाङ जिल्ला स्थित स्थानीय तहका न्यायिक समितिका पदाधिकारी बीच अनुभव आदान प्रदान गर्ने अन्तर स्थानीय तह अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।

२४०. कानुनी मस्यौदा निर्माण सम्बन्धमा जनप्रतिनिधि, महाशाखा, शाखा प्रमुखलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ। स्थानीय तहको क्षेत्राधिकार रहेको विषयसँग सम्बन्धित कानुन निर्माण तथा विद्यमान कानूनहरुको पुनरावलोकन गरी समायानुकुल परमार्जन गरिनेछ।

२४१. घोराही उपमहानगरपालिका अन्तर्गत संचालन हुने तालिम, गोष्ठी, अभिमुखिकरण लगायतका कार्यक्रमहरु संचालनमा एकरुपता कायम गर्न एकीकृत कानून निर्माण गरिनेछ। व्यक्तिगत सहयोग , संस्थागत सहयोग (अनुदान समेत) को लागि कानून बनाई अगाडी बढाइनेछ।

२४२. उपमहानगरपालिकाबाट सम्पादन भएका कार्यहरुलाई पारदर्शी बनाउन नियमित रुपमा त्रैमासिक समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिनेछ। नागरिकको सूचनाको हकलाई प्रवर्द्धन गर्न नियमित स्वतः प्रकाशन तथा विभिन्न सूचना, प्रतिवेदन, अभिलेख दस्तावेज लगायत सूचनामुलक महत्वपूर्ण जानकारीहरु वेवसाइट मार्फत सार्वजनिक गरिनेछ।

२४३. उपमहानगरपालिकाबाट प्रवाह हुने सेवामा सूचना प्रविधिको अधिकतम र नविनतम प्रयोग गरी सेवाहरुको प्रक्रियालाई सहज बनाइनेछ। सेवाग्राहीहरुलाई थप सुविधाको लागि विभिन्न सूचना प्रविधि प्रणालीहरु स्थापना गरी प्रयोगमा ल्याइनेछ।

२४४. विद्युतीय शासनलाई थप प्रभावकारी बनाई Citizen Centric Approach मा कार्यान्वयन गरिनेछ। Digital Nepal Frameworkको अवधारणा अनुसार सेवा प्रवाहको विभिन्न क्षेत्रहरुमा सूचना प्रविधिलाई उपयोग गरिनेछ।

२४५. कर्मचारीहरुको हाजिरी अभिलेखलाई व्यवस्थित गर्न नगरपालिकाबाट बिद्युतीय हाजिरी प्रणालीलाई वडा तह सम्म विस्तार गरिनेछ।

२४६. डिजिटल साक्षरता सम्बन्धी सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ।

२४७. नगरका गतिविधिहरुलाई सबै नगरवासीहरु सम्म संप्रेषण गर्न तथा स्थानीय भाषाहरुको संरक्षण र प्रवर्द्धनको लागि रेडियो तथा टेलिभिजन कार्यक्रमहरु स्थानीय भाषामा समेत प्रसारण गरिनेछ।

२४८. पत्रकार महासंघ दाङ शाखाको संस्थागत विकास, पत्रकारहरुको क्षमता विकास र पत्रकारिता प्रवर्द्धनका लागि बिभिन्न कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

२४९. बैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र उपलब्धिमुलक बनाउन जनचेतनामुलक कार्यक्रमहरु टोल टोल देखि पालिका स्तर सम्म विस्तार गरिनेछ।

२५०. बैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित वनाउन संघीय सरकार, प्रदेश सरकार, वैदेशिक रोजगार वोर्ड, तथा बैदेशिक रोजगारसँग सरोकार राख्ने निकायहरुसँगको समन्वय तथा लागत साझेदारीमा आप्रवासी कामदार र उनीहरूको परिवारलाई लक्षित गरी सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह, मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा, वित्तीय साक्षरता र सीप अभिवृद्धि गर्ने तथा आप्रवासी कामदारहरुले बैदेशिक रोजगारीको दौरानमा सिकेका सीप तथा व्यवसायिक ज्ञान प्रयोग गरी स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने कार्यक्रमहरु संचालन गरिनेछ।

२५१. श्रम र रोजगारीको समुचित व्यवस्थापनको लागि सुरक्षित आप्रवासन कार्यविधिको सहज कार्यान्वयन कार्ययोजना निर्माण गरिनेछ। स्वरोजगार, आन्तरिक रोजगार साथै बैदेशिक रोजगारसँग सम्बन्धित

विषयलाई व्यवस्थित गर्न संगठन संरचनामा श्रम तथा रोजगार शाखा विस्तार गरी आवश्यक सेवाहरुलाई एकिकृत रुपमा प्रवाह गरिनेछ।

**नगरसभा सदस्य ज्यूहरु,**

२५२. नगरपालिकाबाट प्रवाह गरिने सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउन प्रशासनिक संयन्त्र चुस्त दुरुस्त बनाई कर्मचारीहरुको आवश्यकताको आधारमा क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

२५३. कर्मचारीहरुलाई नतिजामूखी बनाउनको लागि कार्य जिम्मेवारी अनुसार महाशाखा/शाखा/ वडागत रुपमा सूचक तयार गरी सबै महाशाखा/शाखा प्रमुख/ वडा सचिवहरुसँग कार्यसम्पादन सम्झौता गरिनेछ।

२५४. घोराही उपमहानगरपालिकामा कार्यरत सरसफाई शाखा लगायतका कर्मचारीहरुले सार्वजनिक विदामा कार्य गरे वापत प्रदान गरिने अतिरिक्त सुविधाका लागि कानून बनाई व्यवस्थित गरिनेछ।

२५५. नगरपालिकाबाट सम्पादन गरिने कार्य मितव्ययी प्रभावकारी नियमितता र कार्यदक्षता पूर्ण ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलिन कानून बमोजिम कार्य सम्पादन गर्न तयार भएको आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी कार्यान्वयन गरिनेछ।

२५६. उपमहानगरपालिकाको स्वामित्वमा रहेका भवन जग्गा तथा जिन्सी सामग्रीहरुको संरक्षण गर्ने तथा बर्गीकृत विवरण अद्यावधिक राखिनेछ।

२५७. अन्तर सरकारी समन्वय तथा सहजीकरण समिति गठन गरी सम्भावित साझा लगानीका परियोजनाहरुको रोष्टर तयार गरी प्राथमिकताका आधारमा योजनामा समावेश गरिनेछ।

२५८. संघीय मन्त्रालयहरु तथा विभाग प्रदेश मन्त्रालयहरु तथा विभाग, विषयगत कार्यालयहरु, जिल्ला समन्वय समिति, गैर सरकारी संस्था लगायत सरोकारवालाहरुसंगको समन्वय र सहकार्यलाई प्रभावकारी एवं नतिजामूलक बनाइनेछ।

**नगरसभा सदस्य ज्यूहरु,**

२५९. यस गरिमामाय नगर सभामा प्रस्तुत गरिएको प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट नगरवासीका आधारभूत आवश्यक्ताहरु परिपूर्ती गरी जिवनस्तरमा गुणात्मक सुधार हुदै जाने, उपलब्ध स्रोतसाधनको अत्यूत्तम उपयोगबाट आर्थिक उन्नतिमा टेवा पुग्ने र विकासको मूलप्रवाहमा सबै बर्ग क्षेत्र, समूह, समुदायहरु समाहित भई समावेशिताको प्रवर्द्धन मार्फत स्थानीय लोकतन्त्र सुदृढ हुने बिश्वास लिएको छु।

२६०. उल्लेखित नीति तथा कार्यक्रम उपमहानगरपालिकाको एक्लो प्रयासबाट मात्र कार्यान्वयन गर्न सम्भव हुने छैन। यसका लागि संघ तथा प्रदेश सरकार, राजनितिक दल, नागरिक समाज, उद्योगी, व्यवसायी, सरकारी , गैरसरकारी क्षेत्र, संघ संस्था, टोल विकास संस्था, पेशाकर्मी बुद्धिजिवी, संचारकर्मी लगायत सबै नगरवासी, आमा बुवा दिदी बहिनी, दाजुभाईको सक्रिय साथ र सहयोग रहने बिश्वास लिएको छु।

२६१. अन्तमा घोराही उपमहानगरपालिकाको समग्र विकासमा महत्वपूर्ण योगदान गर्नुहुने जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दल, निजी क्षेत्र, सरकारी तथा गैर सरकारी क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, संचार जगत लगायत सम्पूर्ण नगरवासी आमाबुवा, दाजुभाई, दिदी बहिनीहरुमा हार्दिक धन्यबाद व्यक्त गर्दछु।

**धन्यवाद ।**

**इति सम्वत् २०८१ साल आषाढ ०२ गते रोज १ शुभम् ।**